# मगर भाषाको वर्ण व्याकरण

लघुशोधप्रबन्ध (संशोधित)

## सिक्किम विश्वविद्यालय

**भाषा अनि साहित्य सङ्कायअन्तर्गत एमफिल**

**उपाधिका निम्ति प्रस्तुत**


शोधार्थी

**हेमलता थापा**

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यालय।


फेब्रवरी २०१८

# मगर भाषाको वर्ण व्याकरण

लघुशोधप्रबन्ध (संशोधित)

## सिक्किम विश्वविद्यालयमा

सिक्किम विश्वविद्यालय
(स्थापित- २००७)

भाषा अनि साहित्य सङ्कायअन्तर्गत एमफिल

उपाधिका निम्ति प्रस्तुत


**शोध निर्देशक**

डा. समर सिन्हा

सहायक प्राध्यापक

नेपाली विभाग

सिक्किम विश्वविद्यालय

**शोधार्थी**

हेमलता थापा

एमफिल१६MPNP०१

नेपाली विभाग

सिक्किम विश्वविद्यालय


फेब्रवरी २०१८

सिक्किम विश्वविद्यालय
(भारतके संसदके अधिनियमद्वारा स्थापित केन्द्रीय विश्वविद्यालय)
SIKKIM UNIVERSITY
*[A central university established by an Act of Parliament of India in 2007]*

No.LIB. Plagiarism /59/2017 Dated 09-02-2017

To

The Head
Department of Nepali
Sikkim University

Sub: Anti-Plagiarism Test

Dear Sir,

Kindly refer to your letter dated 09/02/2017 on the subject referred above.

I may inform you that the present ant-plagiarism software (URKUND) being used by Sikkim University distributed by INFLIBNET does not support Nepali and Hindi languages.

Therefore, the MPhil and PhD dissertations written in Hindi and Nepali cannot be tested for plagiarism.

Yours sincerely,

( A S Chandel)
Librarian

Copy for information to:

1. The Controller of Examinations, Sikkim University
2. The Dean, School of Languages and Literature
3. In-charge, Department of Hindi

६ माइल, सामदुर, पीओ तादुङ-७३७१०२, गान्तोक, सिक्किम, भारत
फोन : ०३५९२-२५१०६७, २५१४६८, फ्याक्स-२५१८६५
6th Mile, Samdur, P.O. Tadong 737102, Gangtok, Sikkim, India
Phone : 03592-251067, 251468, Fax : 03592-251865
Website : www.cus.ac.in

SIKKIM UNIVERSITY
[A Central University established by an Act of Parliament of India, 2007]
DEPARTMENT OF NEPALI
SCHOOL OF LINGUISTICS & LANGUAGES

## प्रतिबद्धता

सिक्किम विश्वविद्यालयको भाषा अनि साहित्य सङ्कायअन्तर्गत नेपाली विभागमा एमफिल परीक्षाको आशिंक परिपूरतिका निम्ति प्रस्तुत "मगर भाषाको वर्ण व्याकरण" शीर्षकको यो शोधप्रबन्ध मैले मेरो शोधनिर्देशक डा. समर सिन्हाको निर्देशनमा रहेर सम्पन्न गरेको हो। मैले यो शोधप्रबन्ध लेखनको क्रममा विभिन्न स्रोतबाट संकलित सामग्रीहरूलाई भाषा वैज्ञानिक ढङ्गले उपयोग गरेकी छु र यस प्रति कृतज्ञ पनि छु। यस लघुशोध प्रबन्धको समष्टि निष्कर्षलाई मैले यस अघि कुनै पनि उपाधि अथवा अन्य प्रयोजनका लागि प्रस्तुत गरेकी छैन। यस लघुशोध प्रबन्धको कुनै पनि अंश, पाठ वा पुस्तकको अंशको प्रकाशित गरे अथवा गराएकी छैन। मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धता विरूद्ध कुनै प्रमाण भेटिएमा त्यस प्रति उत्तरदायी हुने छु भन्दै यो प्रतिबद्धता जाहेर गर्दछु।

| शोधनिर्देशक | शोधार्थी |
|---|---|
| डा. समर सिन्हा | हेमलता थापा |
| नेपाली विभाग | नेपाली विभाग |
| भाषा अनि साहित्यसङ्काय | भाषा अनि साहित्यसङ्काय |
| सिक्किम विश्वविद्यालय | सिक्किम विश्वविद्यालय |

दिनाङ्क : ..................

विभाग प्रमुख



6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251342 (O), www.sikkimuniversity.ac.in

## शोध-निर्देशकबाट अग्रसरण

**मगर भाषाको वर्ण व्यकरण** शीर्षकमा प्रस्तुत लघुशोधप्रबन्ध सिक्किम विश्वविद्यलयको नेपाली विभाग एमफिलका शोधार्थी सुश्री हेमलता थापाले मेरो निर्देशनमा रही तयार पारेका हुन् ।विश्वविद्यलयको एमफिल अन्तर्गत रहेको लघुशोधप्रबन्ध तयार गर्दा उनले अध्ययन, लगन र परिश्रमका साथ तयार पारेका हुन्। विश्वविद्यलयको नियम अनुसारमा रही शोधविधिको यथोचित प्रयोग गरी सुश्री मगरले यस लघुशोधप्रबन्ध तयार पारेका हुन्।

म यस लघुशोधप्रबन्धलाई उचित मूल्याङ्कनको निम्ति सम्बन्धित निकाय समक्ष अग्रसरित गर्दछु।

शोधनिर्देशक

Assistant Professor
Department of Nepali
Sikkim University

डा. समर सिन्हा

सहायक प्रध्यापक

नेपाली विभाग

भाषा अनि साहित्य सङ्काय

सिक्किम विश्वविद्यलय



6th Mile, Samdur, PO Tadong 737102, Gangtok, Sikkim, India.
Phone: + 91- 3592-251342 (O), www.sikkimuniversity.ac.in

## कृतज्ञताज्ञापन

सिक्किम विश्वविद्यालयको नेपाली विभागबाट एमफिल उपाधि प्राप्त गर्ने हेतु लघुशोधप्रबन्धअन्तर्गत मेरो विषय "मगर भाषाको वर्ण व्याकरण" रहेको छ। प्रस्तुत लघुशोधप्रबन्धको क्षेत्र पश्चिम सिक्किमका कामलिङ्ग सुल्डुङ रहेको हुनाले सर्वप्रथम कामलिङ्ग सुलडुङका मगर अभिवक्ताहरूप्रति आभार व्यक्त गर्न चाहन्छु।

मुख्यतः कर्ण बहादुर मगरज्यूलाई आफ्नो व्यवसायमा व्यस्त रहेर पनि मलाई मेरो लघुशोधप्रबन्धको निम्ति सहयोग गर्नु भएकोमा वहाँ प्रति धेरै आभारी रहेकी छु। यसरी नेै कामलिङ्ग सुल्डुङ निवासी पिबर मगर, टेकलाल मगर, विष्णुमाया मगर, दुर्गा माया मगर अनि मनमाया मगरहरूले पनि मेरो शोध कार्यमा धेरै सहयोग गर्नु भएको हुनाले वहाँहरू प्रति पनि कृतज्ञता प्रकट गर्दछु।

प्रस्तुत शोध प्रबन्ध सहायक प्राध्यपक डा. समर सिन्हा नेपाली विभाग सिक्किम विश्वविद्यालयको निर्देशनमा तयार गरिएको हो। वहाँको कुशल निर्देशन अनि पूर्ण सहयोगले गर्दा नै यो शोध प्रबन्ध तयार हुन सकेको हो। अतः वहाँको मार्ग दर्शनका अनि पूर्ण सहयोगको लागि सदैव आभारी रहनेछु।

यसरी नै यसकार्यको निम्ति अावश्यक सुझाउ र मार्ग निर्देशन गर्नु हुने सिक्किम विश्वविद्यालयका लुप्तप्रायः भाषा केन्द्रका सहायक प्राध्यपक डा. मेरेबाज्यू प्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु, साथै यस कार्यमा मलाई सधै सुझाऊ, प्रोत्साहन दिनु हुने सम्पूर्ण नेपाली विभाग सिक्किम विश्वविद्यालयका श्रदेय गुरूजन विभाग प्रमुख पो. प्रतापचन्द्र प्रधान, डा. कविता लामा, डा. पुष्प शर्मा, डा. अरूणा राई, सह-प्रध्यापक देवचन्द्र सुब्बा र सह-प्रध्यापक सपन प्रधान, सह-प्रध्यापक बलाराम पाण्डेप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु।

यसरी नै गंगीमाया दिदी अनि पिएचडीका दाज्यू विष्णु भूजेल प्रति पनि यस शोधकार्यमा धेरै प्रकारले सहयोग गर्नु भएकोमा कृतज्ञता प्रकट गर्दछु। मेरा अग्रज दाज्यु दिदी तथा मित्रगण जस-जसले मलाई मेरो शोधकार्यमा सानो भन्दा सानो कार्यमा सहायता गर्नु भएको छ, वहाँहरू प्रति पनि सदैव आभारी रहनेछु।

यसरी यस शोध प्रबन्धको लागि मलाई अध्ययन गर्न सुअ◌ौसर दिनको साथ-साथै दुःख सुःख झेलेर कुने◌ै बाधा विना सहयोग अनि प्रेणा दिनु हुने आदरणीय मेरो आमा-बाबा अनि सम्पूर्ण परिवार प्रति सदा आभारी रहनेछु। अन्तमा मेरो लघुशोधप्रबन्ध माथि संशोधित गरिदिनु भएको छ वहाँ प्रति आभारी छु।

शोधार्थी

हेमलता थापा

नपाली विभाग

भाषा अनि साहित्यसङ्काय

सिक्किम विश्वविद्यालय

लघुशोधप्रबन्धमा प्रयुक्त संक्षेपीकृत शब्दहरु

पृ.सं . . . . . . . . . . . . . . . . . . . . . . . . . पृष्ठ सङ्ख्या

सम्पा . . . . . . . . . . . . . . . . . . . . . . . .सम्पादक

डा . . . . . . . . . . . . . . . . . . . . . . . . . डाक्टर

प्रा . . . . . . . . . . . . . . . . . . . . . . . . . प्राध्यापक

अ.ध्व.व . . . . . . . . . . . . . . . . . . . . . . अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमाला

## तालिका


तालिका १ : मगर एकस्वरको वर्ण

तालिका २ : मगर एकस्वर

तालिका ३ : मगर स्वर

तालिका ४ : मगर ध्वनिको वर्ण

तालिका ५ : मगर व्यञ्जन ध्वनि अध्वव तालिका

तालिका ६ : मगर भाषाको वर्ण वितरण

तालिका ७ : मगर स्वरको वितरण तालिका

तालिका ८ : मगर स्वरको वितरण उदाहरण

तालिका ९ : मगर व्यञ्जन ध्वनिको वितरण

तालिका १० : मगर व्यञ्जन ध्वनिको उदाहरण

तालिका ११ : मगर भाषाको व्यञ्जन क्रम उदाहरण

तालिका १२ : मगर भाषाको व्यञ्जन क्रमको वितरण

तालिका १३ : मगर वर्णनको विभेदक अभिलक्षणा

तालिका १४ : मगर अक्षरको तालिका

तालिका १५ : मगर अक्षरको वितरण


## चित्र र रेखाचित्र


रेखाचित्र २.१. भोटबर्मेली भाषा परिवारमा मगर भाषाको स्थान

# विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| एण्टी -{प्लेइजरिज् (अ) म्} प्रमाण पत्र | i |
| प्रतिबद्धता | ii |
| अग्रसारण | iii |
| कृतज्ञता ज्ञापन | iv-v |
| संक्षेपीकृत शब्दहरु | vi |
| तालिका | vii |
| **पहिलो अध्यायः शोधपरिचय** | १-९ |
| १.१. शोधको परिचय | |
| १.२. शोधको शीर्षक | |
| १.३. शोधको प्रयोजन | |
| १.४. शोधको समस्या | |
| १.५. शोधको उद्देश्य | |
| १.६. पूर्वकार्यको विवरण | |
| १.७. शोधको औचित्य र महत्त्व | |
| १.८. शोधको सीमा | |
| १.९. शोधविधि र ढाँचा | |
| १.१०. शोधको अनुमानित रूपरेखा | |
| **२. दोस्रो अध्यायः मगर जातिको भाषा अनि संस्कृति** | १०-५० |
| २.१. मगर जातिः परिचय | |
| २.२. मगर भाषाः परिचय | |

२.२.१ मगर भाषाको लिपि

२.३. परिवेश

२.३.१. सामाजिक परिवेश

२.३.२. शैक्षिक परिवेश

२.३.३. भाषिक परिवेश

२.४. मगर जातिको संस्कार-संस्कृति

२.४.१. गर्भधारण अनि जन्म

२.४.२. न्वारन

२.४.३. भात खुवाई

२.४.४. छेवर

२.५. वैवाहिक संस्कार

२.५.१. मागी विवाह

२.५.२. भागी विवाह

२.५.३. जारी विवाह

२.५.४. विधवा विवाह

२.६. मगर जातिमा मृत्यु संस्कार

२.६.१. मगर जातिमा शुद्धि कार्यको विधान

२.७. मगर जातिको चाड-पर्व

२.७.१. माघे सङ्क्रान्ति

२.७.२. चैते दशैं

२.७.३. साउने सङ्क्रान्ति

२.७.४. बड़ा-दशै (बिजयदशमी)

२.७.५. तिहार (भाई टिका)

२.७.६. कुल पूजा

२.७.७. साधु मगरहरूमा कूल पूजा

२.७.८. बाराहीमीजोङ

२.८. मगर जातिको नृत्य र गीत

२.८.१. मारूनी नाँच

२.८.२. मादल

२.८.३. समला

२.८.४. ख्याली

२.८.५. सोरठी गीत

२.८.६. कौरा गीत

२.८.७. घाटु गीत

२.८.८. सलैजो गीत

२.९. मगर जातिको भेषभूषा तथा गर-गहना

२.१०. धर्म

२.११. मगर जातिको थर र उपथर

२.१२. निष्कर्ष

**तेस्रो अध्यायः मगर भाषाको ध्वनि व्यवस्था** ५१-१०३

३.१. श्वासप्रवाह प्रणाली

३.१.१. खण्डीय र खण्डेतर ध्वनि

३.१.१.१. मगर भाषाको स्वर वर्ण

३.१.१.२. मगर भाषाको व्यञ्जन वर्ण

३.२. मगर खण्डेतर ध्वनि

३.३. मगर भाषाको वर्ण

३.४. विभेदक अभिलक्षण

३.५. निष्कर्ष

**४. चौथो अध्यायः मगर भाषाको अक्षर संरचना** १०४-११४

४.१. मगर अक्षर
४.१.१. बहुअक्षरीय शब्द
४.१.२. अक्षरीकरण
४.२. निष्कर्ष

**५. पाँचौं अध्यायः उपसंहार तथा निष्कर्ष** ११५-११९

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

परिशिष्ट १ : अधिसामग्री
परिशिष्ट २ : कामलिङ्ग सुल्डुङका मगर भाषीहरूसँगको अन्तर्वार्ता
परिशिष्ट ३ : मगर शब्दसङ्कलन
परिशिष्ट ४ : कामलिङ्ग सुल्डुङको मगर वक्ताहरूबाट स्वराङ्कन लिइँदै गरेको चित्र
परिशिष्ट ५ : कुल पूजाको चित्र

# पहिलो अध्याय

## १. शोधपरिचय

यस शोधकार्यमा वर्णनात्मक भाषावैज्ञानिक अध्ययन अन्तर्गत मगर भाषाको वर्ण व्याकरणको विश्लेषण गरिएको छ। प्रस्तुत शोधकार्य सिक्किमको पश्चिम जिल्लाको कामलिङ्ग सुल्डुङ्ग क्षेत्रमा बोलिने मगर भाषामा आधारित रहेको छ।

## २. शोधको शीर्षक

प्रस्तुत शोधको शीर्षक *मगर भाषाको वर्ण व्याकरण* रहेको छ।

### २.१ शोधशीर्षकको परिचय

नेपाली समुदायभित्र पर्ने मगर एउटा जाति हो। यस जातिलाई "मंगर" (Manger/Mangar) अनि "मगर" (Magar) नामले पनि जानिन्छ। वर्तमानमा मगरहरू मूलतः नेपाल, भारतअन्तर्गत सिक्किम, दार्जिलिङ, मेघालय, मणिपुर, उत्तराञ्चल आदि ठाउँहरूमा छरिएर बसेका छन्। मगरहरूको सामाजिक परम्परा, भाषा, रहनसहन, चालचलन, भेषभूषा, रीतिरिवाजमा हिन्दू र बौद्ध धर्मको पनि प्रभाव देखिन्छ। यसमा बौद्ध भन्दा हिन्दू धर्मको प्रभाव धेरै देखिन्छ।

ट्रान्स-हिमालाय परिवारभित्र पर्ने मगर भाषामा मूलतः तीन शाखा छन्- खाम मगर, काइके मगर र मंग्राती वा मगर। खाम र काइके पश्चिम नेपालतिर बोलिन्छन् भने सिक्किममा मंग्राती वा मगर भाषा बोलिन्छ। प्रस्तुत शोधकार्य पश्चिम सिक्किमको कामलिङ्ग सुल्ढुङ्ग क्षेत्रमा बोलिने मंग्राती वा

मगर भाषामा केन्द्रित रहेको छ। सिक्किमका अन्य भाषाहरू झैं मगर भाषा पनि लोप हुँदै गइरहेको छ। यो भाषा पुराना पुस्ताका सीमित व्यक्तिहरूले मात्र बोल्छन्। सिक्किममा सरकारले माध्यमिक तहसम्म मगर भाषाको शिक्षा लिन सकिने व्यवस्था गरिदिएको हुनाले अहिले नयाँ पिँढीहरूले पनि यसको लाभ उठाइरहेका छन्।

### ३. शोधको प्रयोजन

प्रस्तुत शोधकार्य सिक्किम विश्वविद्यालयअन्तर्गत नेपाली विभागको एमफिल तहको निर्धारित पाठ्यक्रमको आंशिक परिपूर्तिका निम्ति तयार पारिएको हो।

### ४. शोधको समस्या

सिक्किममा मगर समुदायको छुट्टै भाषा, संस्कार, संस्कृति र इतिहास रहेको देखिन्छ। विभिन्न परिस्थितिका कारण मगरको मौलिक भाषा, संस्कृति र परम्परा लुप्त हुन लागेको देखिन्छ। यस सन्दर्भमा सिक्किममा बोलिने मगर भाषाको अध्ययन, अनुसन्धान हुनु आवश्यक छ। यसैले शोधको मुख्य समस्या नै यसको व्याकरण लेख्ने हो। तथापि बुँदागत रूपमा यस कार्यको मुख्य समस्याहरूलाई तल प्रस्तुत गरिन्छः

(क) मगर भाषाको ध्वनि व्यवस्था र वर्णमाला के कस्ता छन्?

(ख) मगर भाषाको अक्षर संरचना कस्तो छ?

(ग) मगर भाषामा वर्णविज्ञानको प्रक्रिया कस्तो छ?

## ५. शोधको उद्देश्य

यस शोधकार्यको उद्देश्य यस प्रकार छन् :

(क) मगर भाषाको ध्वनि व्यवस्था र वर्णमालाको अध्ययन गर्नु।

(ख) मगर भाषाको अक्षर संरचना देखाउनु।

(ग) मगर भाषामा वर्णविज्ञान प्रक्रियाको अध्ययन गर्नु।

## ६. पूर्वकार्यको विवरण

मगर भाषाबारे नेपालबाट अध्ययनका साथै यस भाषाको संरक्षण अनि विकासका निम्ति धेरै कार्य भएको पाइन्छ। भारतबाट प्रस्तावित शोधकार्यको विषयमा कुनै अध्ययन अनुसन्धान भएको पाइएको छैन। यहाँबाट केवल मगर जाति सम्बन्धी लेखहरू मात्र प्रकाशित पाइन्छ ।

सिक्किमबाट प्रकाशित सन्तोष आलेको *मगर जातिको इतिहास अनि संस्कृति* (२००३) पुस्तकमा मगर जातिको इतिहास बारे जानकारी गराउँदै सिक्किममा मगर भाषाले मान्यता पाउनका लागि गर्नु परेको सङ्घर्ष विस्तृत रूपमा चर्चा गरिएको छ। प्रस्तुत पुस्तकमा लेखकले मगरहरूको धार्मिक र सांस्कृतिक परम्परा अन्तर्गत जन्म, मृत्यु, संस्कार र विभिन्न रीति-रिवाज आदिको विस्तृत जानकारी दिने प्रयास गरेका छन्। यस पुस्तकमा आलेले मगर भाषाको लिपि र अक्षरहरूबारे पनि केही चर्चा गरेका छन्।

हर्ष बहादुर बुडाले *मगर जाति र उनका सामाजिक संस्कार* (१९९७) नामक कृतिमा मगरका सामाजिक इतिहास र विभिन्न संस्कारबारे चर्चा गरेका छन्। साथै यसमा मगर जातिको थर र उपथरको सूची पनि संलग्न गरिएको छ।

मीन श्रीस मगरले *मगर जातिको चिनारी* (२०११) नामक कृतिमा मगरका इतिहास, उत्पत्ति, सामाजिक संरचना र धार्मिक परम्परा, जीवन संस्कार आदिको चर्चा गरेको पाइन्छ। साथै जीविकोपार्जन पद्धत्ति, लोकसाहित्य, भेषभूषा, खानपान र भाषा र साहित्य, राजनीतिक प्रणाली शिक्षण र सहभागिता आदिको चर्चा पनि गरेको पाइन्छ। मगर जातिको सामाजिक, सांस्कृतिक, भाषिक एकरूपताको लागि यो पुस्तक महत्त्वपूर्ण मानिन्छ।

नरेन्द्र शर्माले *नेपाली जनजीवन* (१९७६) शीर्षकमा मगरको इतिहास बताउँदै मगर जातिको लोकवार्ताबारे जानकारी दिएका छन्। यस पुस्तकमा उनले मगर जातिको कला, कौशल, पूजा आदि बारे चर्चा गरेका छन्।

योगेन्द्रप्रसाद यादव र वारेन डब्लु ग्लोबर (१९९९)-द्वारा सम्पादित *नेपलिस लिङग्विस्टिक*-मा प्रकाशित सुभद्र सुब्बा दाहालले "मोर्फोलोजिकल रूल्स इन मगर" शीर्षक लेखमा मगर भाषा बोल्ने जनसङ्ख्याको तथ्याङ्क दिएर मगर भाषाको व्यञ्जन, स्वर शून्य रूप र नासिक्य ध्वनि आदिबारे चर्चा गरेको पाइन्छ।

कृष्णप्रसाद पराजुली र अन्य (२००५)-द्वारा सम्पादित *कन्टेम्पोरी नेपलिस लिङग्विस्टिक* -मा प्रकाशित डेविड.इ वार्टसको एन ओभरभ्यु अफ खाम मगर ल्याङगवेज लेखमा खाम जातिको परिचय दिँदै खाम मगरमा पाइने भाषिकाहरूको वर्णन गरिएको छ।

लोकबहादुर थापाको *मगर भाषा (ढुट) सिकौँ* (२०६७) नामक कृतिमा मगर भाषा सिक्न चाहनेहरूका लागि सुन्दर प्रकारले बुझाउने प्रयास गरिएको छ। यस पुस्तकमा थापा मगर ढुट मातृभाषीलाई प्रतिनिधित्त्व गर्ने  मगर भाषाको संरक्षण साथै भाषिक जागरण गराउने प्रयास गरेका छन्।

बिजय लुङ्गेली मगरले *मगर भाषा लेख्ने तरिका* (२०७१) पुस्तकमा मगरजातिको परिचय दिँदै मगर भाषाको उच्चारणअनुसार स्वर वर्ण र व्यञ्जन वर्ण तालिका अनुरूप राखेका छन्। यस पुस्तकमा मगर भाषाको ८ वटा स्वर वर्ण र २६ वटा व्यञ्जन वर्ण रहेको जानकारी गराइएको छ।

लोकबहादुर थापा मगरको *मगर भाषा (ढुट) व्याकरण* (२०६८) पुस्तकमा मगर भाषा (ढुट) को परिचय दिएर यसको व्यवस्था, रूप व्यावस्था, नाम, सर्वनाम, सर्वनामीकरण, पुरूष, विशेषण, आदरार्थी, कोटिकार, लिङ्ग, वचन, नामयोगी, संयोजक, निपात, धातु क्रिया, वाच्य, क्रियाको काल, पक्ष, भाव, क्रिया विशेषण, कारक, विभक्ति, वाक्यमा आउने पदका रूप,

अनुकरणात्मक शब्द, शब्दरचना, वाक्यरचना, विपरीतार्थक शब्द, मानक लेखन आदिको स्पष्टसँग वर्णन गरिएको पाइन्छ।

भीम नारायण रेग्मीले आफ्नो *नेपाली र मगर भाषा (ढुट) मा प्रेरणार्थक संरचणा* (२०१२) नामक पुस्तकमा नेपाली र मगर भाषामा प्रेरणार्थक संरचनाको तुलना गरेका छन्।

पवन चामलिङ (१९९९) -द्वारा सम्पादित *निर्माण* (वर्ष १९, अङ्क ३४) -मा सुभद्र सुब्बा दाहालले नेपालको सन्दर्भसित जोड्दै मगर जातिलाई धार्मिक-भाषिक विविधता भएको जातिको संज्ञा दिएका छन्। प्रस्तुत लेखमा दाहालले मगरहरूको उत्पत्ति, नाम, थरबारे प्रशस्त व्याख्या गर्नाका साथै मगरहरूका संस्कृति के-कस्ता रहेको छ भन्नेबारे पनि चर्चा गरेका छन्।
पवन चामलिङ (१९९९) -द्वारा सम्पादित *निर्माण* (वर्ष १९, अङ्क ३४)-मा रमेश विकलको सन्दर्भमा मगर जातिको संस्कार संस्कृति नामक लेखमा यस जातिको विवाह संस्कार कस्तो प्रकारको छ भन्ने कुराको चर्चा गरिएको छ।

बि. बि गुरुङद्वारा सम्पादित *हिमालाय रिसर्च जर्नल* (vol.१, vol.१, २०१२) -मा वासुदेव पुलामीले सिटोङ शब्दको अर्थ र परिचय दिदै दार्जिलिङ जिल्लाको खरसाङ खण्डअन्तर्गत पर्ने सिटोङको विभिन्न ठाउँ र बस्तिहरूमा बसोबास गर्ने मगर जातिको लोकसंस्कृति, लोकगीत, लोकरीति, त्यहाँका भौगोलिक स्थिति, जनसंख्याको वितरण, मगर भाषाको वर्तमान स्थिति,

मगरहरूको जन्मसंस्कार, विवाह संस्कार, धर्म र चाडवाढ, नाचगान आदिबारे जानकारी दिएका छन्।

पुष्कर पराजुलीद्वारा सम्पादित *अभिज्ञान* (वर्ष ५,अङ्क ५,जुन २०१३) शीर्षक नेपाली अर्द्धवार्षिक शोधपत्रिकामा वासुदेव पुलामीको "मगर लोकवार्ता कुलपूजाको प्रतीक" नामक लेख प्रकाशित छ। उक्त लेखमा पुलामीले मगर जातिमा गरिने कुलपूजामा प्रतीकको अर्थ बुझाउँदै त्यसको वर्णन गरेका छन्।

## ७. शोधको औचित्य र महत्त्व

पूर्वकार्यको विवरणबाट थाहा भए अनुसार यस शोधकार्यले अँगालेको विषयमाथि आजसम्म कुनै प्रकारको शोध वा अनुसन्धान भएको पाइँदैन। तसर्थ यस विषयमा शोध गर्नु नै यस शोधकार्यको आवश्यकता र औचित्य हो।

## ८. शोधको सीमा

*मगर भाषाको वर्ण व्याकरण* शीर्षक रहेको यस शोधमा मगर भाषाको अध्ययन पश्चिम सिक्किमको कामलिङ्ग सुल्डुङ्ग क्षेत्रमा बोलिने मंग्राती / मगर भाषाको व्याकरणको संरचनामा मात्र केन्द्रित रहेको छ। साथै यस क्षेत्रमा मातृभाषी मगर वक्ता पाइने हुनाले शोधकार्यका निम्ति उक्त क्षेत्रलाई लिइएको छ।

## ९. शोधविधि र ढाँचा

शोधको विषयसम्बन्धी सामग्री सङ्कलन प्राथमिक साथै अन्य उपलब्ध स्रोतबाट गरिएको छ। यस शोधकार्यको तयारीका निम्ति प्राथमिक तथ्यको सङ्कलन क्षेत्रीय अध्ययनद्वारा गरिएको छ। सामग्री सङ्कलनमा अन्तर्वार्ता अनि प्रश्नावलीको प्रयोग गरिएको छ। यस शोधकार्यको प्राथमिक स्रोत मगर मातृभाषी वक्ताको कथ्य भाषा रहेको छ। निगमनात्मक शोधपद्धत्ति अपनाएर वर्णनात्मक भाषावैज्ञानिक सिद्धान्तका आधारमा मगर भाषाको अध्ययन प्रस्तुत शोधकार्यमा गरिएको छ। यस शोधकार्यको सामग्री सङ्कलनका निम्ति स्रोत वा पुस्तकालयको पनि पिरयोग गरिएको छ।

मगर भाषाको तथ्यलाई अन्तर्राष्ट्रिय ध्वनितात्विक वर्णमाला (International Phonetics Alphabet) -मा लिप्यान्तरण गरिएको छ र लिप्जिग् ग्लोसिङ्ग रूल्सको (Leipzig Glossing Rules) आधारमा रूपात्मक विवरण जस्तै कोटि, सूचक आदिलाई प्रस्तुत गरिएको छ। मूलतः शोध भाषाविज्ञानमा आधारित भएकोले जनेरिक स्टियाल रूल्स (Generic Style Rules) -लाई लेखनशैलीको रूपमा लिइएको छ, वर्णविन्यासको लागि नेपाली वृहत् शब्दकोश (प्रथम संस्करण) -को आधार लिइएको छ। भाषावैज्ञानिक शब्दावलीका निम्ति भीमनारायण रेग्मीको *भाषाविज्ञान शब्दावली* र गोकुल सिन्हाको *भाषिक र साहित्यिक शब्दावलीको प्राविधिक कोश* -को

प्रयोग गरिएको छ। यस शोधमा सिक्किम विश्वविद्यालयद्वारा जारी गरिएको नियमावलीलाई पनि ध्यानमा राखिएको छ।

### १०. शोधको रूपरेखा

अध्ययन सुविधाका निम्ति प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्यायहरूमा विभाजन गरिएको छ।

पहिलो अध्याय : शोधको परिचय

दोस्रो अध्याय : मगर भाषिक समुदायको अध्ययन

तेस्रो अध्याय : मगर भाषाको ध्वनि व्यवस्था र वर्णविज्ञान

चौथों अध्याय : मगर भाषाको अक्षर संरचना

पाचौं अध्याय : उपसंहार तथा निष्कर्ष

# दोस्रो अध्याय

# मगर जातिको भाषिक अध्ययन

## २.१. मगर जातिको परिचय

नेपाली जाति भित्र पर्ने उपजातिहरू मध्ये मगर पनि एक विशेष जाति हो। मगर जाति भोट बर्मेली भाषिका भित्र पर्दछ। भारतको सिक्किम, दार्जिलिङ, डुवर्स, मेघालय, मणिपुर आदि ठाँउहरूमा छरिएर बसोबासो गर्दै आइरहेका मगर जाति बाह्रौं शताब्दी भन्दा अघि राई, लिम्बू अनि अन्य जातिहरू जस्तै किराँती समुदाय भित्र पर्दथ्यो। तर समयकालको खण्डसँगै मगर जाति हिन्दू संस्कृतिसँग प्रभावित भइ आफ्नो धर्म तथा रीति रिवाज छोडी हिन्दू परम्परा अपनाउनु थाले पश्चात मगर जातिलाई किराँत भन्न छाडिएको हो। सिङ मगर र चितु मगरको नेतृत्वमा मगरहरू उत्तरदेखि दक्षिणतर्फ झरेर सिक्किमको भूभागमा प्रवेश गरी बस्न थालेको किंवदन्ती छ। यसरी नै यी मगरहरू बाह्र झुण्डमा विभाजित भइ बाह्र मगर भन्न थालिएको कुरा पौराणिक ग्रन्थमा पाउन सकिन्छ। मगर जातिले साधु, (जोशमणि) मान्ने गर्दछ। कुमार प्रधान (१९४२)-को भनाइ अनुसार लिम्बू र मगर १७ औं शताव्दीदेखि सिक्किममा बसोबासो गरेका पूष्टि गर्दछ। जोसेब हुकरले (१८४८) - मा मगरहरू सिक्किमको आदिम जनजाति मध्ये एक जाति ठानेका छन्।

नामग्येल र डोमाद्वारा लिखित *हिस्ट्री अफ सिक्किम* (१९०८) नामक पुस्तक अनुसार सिक्किममा नामग्येल वंश स्थापनाको लागि मगरहरूसित युद्ध गर्नु परेको थियो।

आदिमकालमा मगरहरू परम्परागत कृषि व्यावसाय र पशु पालनमाथि निर्भर रहको भए तापनि वर्तमान युगमा अन्य पेशाहरूमा संलग्न रहेको पाइन्छ। मगर जातिहरूको धर्म प्राकृतिक धर्म हो। वर्तमान आधुनिक अथवा वैज्ञानिक युगमा पनि मगरहरूले धामी-झाँक्री लगाइ पितृ पूजा, घाम, पानी, आगो, भूत प्रेत, नाग-नागिनी र सिमेभूमे जस्ता अन्ध विश्वास प्रथालाई मान्ने गरेका छन्।

वर्तमान सिक्किममा बसोबासो गर्ने मगर जातीहरू मध्ये मगर भाषाको प्रयोग गरी बोल्ने मगरहरू प्राय पश्चिम सिक्किमको कामलिङ्ग -सुल्डुङ, तिन्जेरबुङ, ताकुथाङ, दक्षिण सिक्किमको आसाङथाङ ढाँढगाउँ, आहाले कटेङ, पूर्व सिक्किमको कदमताम लिङदिङ, आदि गाउँ बस्तीहरूमा आज पनि पाइन्छ।

मगर जातिको वंशावली अनुसार - "महाराजिकः देवास्ते महरा मगरा मगर। अखण्डे हिमवतखण्डे मण्डल महत।" यस वंशावली अनुसार महादेवता (महादेव)- को गणदेवताका महारजिकः शब्दले अपभ्रंश शब्द लिई गई महाराजी, महारा, महारा मगर शब्द बन्न गएको हो (आले २००३: ५)।

इमानसिङ चेमजोङ (२०१२:१५०) अनुसार - मगरबारे यस्तो उल्लेख पाइन्छ 'मङ्गर' यसकारण भनिएको हो, उनीहरू 'मङ' वा 'मोङ' तथा मङ्गोका सन्तान थिए।चिनीया र वर्मेलीहरू मङ्गोलियनलाई 'माङ' (चरपास) वा 'मोङ' (चेपस) भन्दछन् अनि 'अरूई' (arui) र 'आर' (ar) को अर्थ सन्तान हुन्छ। यसरी नै जाति मङ्गोलियन भनि अर्थ लाग्ने 'मङ्गर' वा मगर शब्द मङ्ग + मोङ र अर शब्दहरूको सन्धिको रूप भएर बनिएको हो। कतिपय इतिहासकारहरूले मंगरलाई मगर भनि सम्बोधित गरेका छन् भने कतिले मंगर भन्ने गरेको पाइन्छ।

## २.२. **मगर भाषाको परिचय**

मगर जातिको आफ्नै परम्परागत भाषा छ, जसलाई मगर भाषा भनिन्छ। मगर भाषा भोट बर्मेली परिवार भित्र पर्दछ।जसलाई तीन थरीमा वर्गीकृत गरिएको पाइन्छ। ती तीन थरीका भाषामा ढुट मगर, खाम मगर र काइके मगर हुन्। रेग्मी (२०११: १) अनुसार नेपालको पूर्वी किराँती भाषाहरूमा जस्तै जटिल क्रियापद भेटिएकाले मगर भाषालाई पनि पूर्वी हिमाली, मध्य हिमाली र पश्चिम हिमाली उपशाखाको किराँती समूहमा राखिएको छ। यसलाई तल रेखा चित्रमा देखाउने प्रयास गरिएको छ।




रेखाचित्र १.१: भोटबर्मेली परिवारमा मगर भाषाको स्थान

उक्त वर्गीकरण बाहेक मगर भाषालाई बेग्लै स्थानमा राखिएको पनि पाउन सकिन्छ। डेभिड (२००२) अनुसार भाषा वैज्ञानिक दृष्टिमा भोट-वर्मेली समूहमा पर्ने यो भाषा व्याकरणको केही कोटीमा पूर्वी नेपालको किराँती भाषाहरूसँग मिल्दछ ( मगर २००७:१५२ )।

एथ्नोलगमा (२००७) मगर भाषालाई आईएसओ ६३९- ३ र (mgp) कोड दिइएको छ।यस भाषालाई मगर, मगरी, मंगर नामले सम्बोधन गरिन्छ भन्ने जानकारी पाउन सकिन्छ। अन्य भाषाहरू जस्तै मगर भाषा पनि लुप्त हुन लागेको भाषा मानिएको छ। यस भाषा र भाषिक समूदायका विभिन्न नाम पाइए तापनि यस जाति र भाषालाई मगर नामले नै चिनिने गरिन्छ।

## २.२.१. मगर लिपि

मगर भाषा भोट बर्मेली (Trans-Himalaya) परिवार भित्र पर्दछ। मगर भाषा मूलतः तीन साखा छन् जस्तै खाम मगर, काइके मगर अनि मंग्राती वा मगर। मगर जातिको आफ्नै भाषा अनि लिपि छन् जसलाई आक्खा लिपि भनिन्छ। आक्खा लिपि नेपालवासी इतिहासकार तथा भाषाका विद्वान एम. एस. थापा (झेंडी) मगरले लिपि निर्माण गरेका हुन् र यही लिपि सिक्किममा यथावत रूपमा मगर भाषीहरूले अपनाएको पाइन्छ। मगर भाषाका स्वर वर्ण र व्यञ्जन वर्ण यस प्रकारका छन्।

**मगर व्यञ्जन वर्ण -**



**मगर स्वर वर्ण -**

 = ə  = a  = i  = u  = e  = o

= əi  =əu  =əŋ

## २.३. परिवेश

### २.३.१. समाजिक परिवेश

सुल्दुङ कामलिङ्ग मगर, राई, कामी, सुब्बा आदि जाति मिश्रण भएको क्षेत्र हो।  तसर्थ मगर जातिको विवाह यी समुदायभित्र पनि भएको पाइन्छ। यहाँको मगर समाज पुरुष प्रधान रहेको देखिन्छ।

मगर समाजमा यदि झै-झगडा अथवा कुनै नराम्रो काम भएको खण्डमा सरकारी कानुनी कारबाही भन्दा गाउँका बुढा-पाकाको सर-सल्लाहलाई धेर प्राथमिकता दिइने गरिन्छ। जसबाट भूल वा गल्ती भएको छ, त्यस व्यक्तिले बुढा-पाका साथै अन्य मानिसको उपस्थितिमा माफ माग्ने वा निर्दोष व्यक्तिको अघि दुई बोतल रक्सी थालमा राखेर दुइ हात जोडी माफ माग्ने चलन रहेको छ। निर्दोष व्यक्तिलाई यसरी न्याय दिने परम्परा रहेर आएको छ।

### २.३.२. शैक्षिक परिवेश

सुल्डुङ कामलिङ्गका मगरहरूले शिक्षा ग्रहण गर्न थालेको चार पुस्ता जति भइ सकेको छ। आज भन्दा ३०-४० वर्ष अघि यहाँका मगरहरू १० प्रतिशत मात्र शिक्षित थिए। आजको शिक्षा व्यवस्था वा सरकारी र गैरसरकारी स्कूलको बढ्दो सङ्ख्याले गर्दा यो जाति पढाइको क्षेत्रमा धेरै अघि बढी सकेको छ। यहाँका मगरहरूले विभिन्न कार्य़ क्षेत्रमा पनि प्रगति गरिरहेका छन्। यो तथ्य अन्तर्वार्ता अनि प्रश्नावलीको आधारमा उपलब्ध भएको हो।

### २.३.३. भाषिक परिवेश

सुल्डुङ कामलिङ्गका मगरहरूले कुल देवता बुझाउदा संस्कार विधिमा, मगर भाषी वक्ताहरूमाझ भेट हुदा र साइनो सम्बन्धी शब्दहरूको प्रयोग क्षेत्रमा मगर भाषाको व्यवहार गरेको पाइन्छ। यस क्षेत्रमा लगभग ३० वर्षभन्दा धेर उमेर भएका मगरहरूले मात्र भाषाको व्यवहार गरेको पाइन्छ। उल्लिखित उमेरभन्दा कम्ति भएका युवा पिँढीले मगर भाषा थोरै मात्र बुझ्ने गरेको पाइन्छ।

भाषा एउटा समाजिक वस्तु हो। अनि यो परिवेश सम्बद्ध पनि हुने गर्दछ। यसको व्यक्ति, समाज. संस्कृति र पर्यावरणसँग गहिरो सम्बन्ध हुन्छ। तर आज कतिपय भाषा लुप्त हुँदै गएका

छन्, जो आउँदो दिनहरूमा यो जीवित रहने सम्भावना देखिँदैन। भाषा लोप हुन भनेको जाति विशेषको लोकज्ञान र संस्कृति पनि मरेर जानु हो।

विश्वमा विशेष गरी एसिया, अमेरिका, अफ्रिका, उत्तरबंगाल, पूर्वोतर भारत आदिका भाषाहरू लुप्त हुँदै गइरहेको देखिन्छन्। यसरी नै पूर्वेली हिमाली भूभागका नेपाल, पश्चिम बंगाल, सिक्किम, भुटान आदि क्षेत्रहरूमा बोलिने कतिपय भाषाहरू पनि लोप हुँदै गइरहेका छन्। प्रकृति परिवेश  प्रणालीमा एउटा पशु मासिन्दा जसरी त्यस पशुमाथि संकट आइलाग्छ त्यसरी नै एउटा भाषा लुप्त हुँदा एउटा विशेष जातिको संस्कृति, ज्ञान र अस्तित्वमाथि पनि संकट आइलाग्छ।

## २.४. मगर जातिको संस्कार संस्कृति

अन्य जातिहरूका संस्कार संस्कृति झैं मगर जातिको पनि छुट्टै संस्कार संस्कृति छन्। संस्कार, भेषभूषा, भाषा, साहित्य समाजका गहना हुन् । यी कुराहरू पनि जाति एवम् समाजका चिनारी हुन्। कुनै पनि जाति वा सम्प्रदायको संस्कार, संस्कृति र भाषा-साहित्य मासिए त्यो जाति स्वतः मासिन्छ। वर्तमान समयमा अन्य जाति जस्तै मगर जातिको पनि संस्कार-संस्कृति लोप हुन लागेको थाहा लाग्दछ। त्यसैकारण यस्ता परम्परागत धरोहरलाई बचाउने प्रयास पनि भइरहेको छ।मगर जातिमा संस्कारगत रीति-रिवाजको परिचय तल प्रस्तुत गरिएका छन्।

### २.४.१. गर्भधारण अनि जन्म संस्कार

मगर समाजमा शिशु जन्म अघि स्त्री गर्भवती हुँदा देखि नै केही मान्यताहरू रहेको पाइन्छ। मगर जातिमा स्वास्नी गर्भवती भए पश्चात लोग्ने मराउ-पराउतिर गएर लाश छुनु नहुने प्रथा छ। यदि लाश छोए जन्मने शिशुलाई कात्रोले लाश बेरे झैं केशले बेरिनेछ भन्ने किंवदन्ती छ।

गाउँ घरमा शिशु जन्मन अघि कुनै स्त्रीलाई प्रसव पीडा सुरु भएपछि गाउँले वृद्ध महिलाहरू भेला भइ त्यसको सह्यार सुसारमा लाग्छन्। शिशुको जन्म भए पछि नाल काटि बाँसको ढुङ्ग्रोमा हालि दुध आउने रूखमा राख्ने प्रथा छ। यसो गर्नाले शिशुलाई आमाको दुधले प्रसस्त पुग्छ भन्ने विश्वास छ। यद्यपि वर्तमान समयको चिकित्सा विज्ञानको उन्नतिले र समाजमा शिक्षाको ज्योतिको प्रभावले प्राय जस्तो शिशुहरू आस्पतालमा नै जन्मने गरेका छन् ।

### २.४.२. न्वारन

नामाकरण संस्कार वा न्वारन शिशुको जन्म पछि गरिने एउटा विधि हो। मगर जातिमा शिशु जन्मदा त्यो घर र परिवारहरू अछुतो भएको मानिन्छ औ शिशुको न्वारन नसकेसम्म त्यस घरबाट अरूले केही सेवन नगर्ने प्रथा रहेको छ। तसर्थ छोरीको तीन दिनमा र छोराको पाँच दिनमा न्वारन गरिन्छ। त्यसदिन कुल कुटुम्ब वा ज्वाँई चेलाको हातबाट गहुँत वा सुनपानी छर्केर अछुतो घर, घर परिवारलाई शुद्धीकरण गर्ने चलन छ। त्यसदिन शिशु जन्मेका घडी, बार,

तिथि अनुसार गाउँले बुढ्यौली वा मगर पुजारीद्वारा शिशुको नामकरण गरिन्छ। मगरको कुल पुजारी वा साधुको हातबाट नानीलाई खरानीको टीका लगाएर कान फुकिदिने गरिन्छ। यति भएपछि मात्र नानी जन्मिएको घर परिवार शुद्ध भएको मानिन्छ। अन्तमा भेला भएका गाउँ घरका मानिसहरूलाई भोजन पान पनि गराइन्छ।

### २.४.३ भात खुवाई

मगर जातिमा नानी जन्मेको छ महिना पश्चात भात खुवाई गर्ने चलन छ। छोरालाई छ महिनादेखि आठ महिनाभित्रमा भात खुवाइन्छ भने छोरीलाई पाँच देखि सात महिना भित्रमा भात खुवाई कर्म गरिन्छ। भात खुवाइको कार्यमा विशेष गरी कुललाई धूप लगाइन्छ। यसैगरी प्रथम पल्ट भात खुवाई गर्दा सुन वा चाँदीको पैसाले भात खुवाउने चलन छ। पाकेको सबै थोक थालमा हालि पितृलाई चढाइन्छ अनि चढाइसकेपछि क्रमैसित बाजे-बोज्यू अथवा आमा-बाबाको हातबाट नानीलाई भात खुवाउँदै आशिर्वाद दिने काम गरिन्छ। भातखुवाइको कार्यमा विशेष गरी मासु हुनै पर्छ भन्ने परम्परादेखिको चलन हो। त्यस दिनदेखि नानीलाई अन्न लगातार खान दिने गरिन्छ। यस उत्सवमा पनि गाँउले बुढापाकाहरू सबै बोलाएर भोजन गराउने गरिन्छ।

### २.४.४. छेवर

मगर जातिमा छोरोको उमेर तीन, पाँच, सात वा नौ वर्ष पुगेपछि छेवर गरिन्छ।छेवर गर्दा छोरोलाई गोठमा लगि कपाल काट्ने प्रथा छ। त्यस दिन मामाको हातबाट नानीको केश काटिन्छ र मामा छैन भने भेनालाई काट्न लगाउँदा पनि हुन्छ। काटेको कपाल टपरामा वा पत्तामा राखेर कसैले नटेक्ने चोखो ठाउँमा फ्याक्नु पर्दछ। केश काट्ने काम सकिएपछि नानीलाई आफ्नो जातिको भेष-भूषा पहिरन गराइन्छ अनि मिठो-मिठो भोजन पकाइ-तुलाइ गरी उसलाई सेवन गराइन्छ। यस छेवरको संस्कारमा पनि गाँउलेहरूलाई बोलाएर भोजन गराइन्छ।

## २.५. वैवाहिक संस्कार

वैवाहिक संस्कार मगर जातिको एक मुख्य संस्कार हो। अन्य जातिमा जस्तै मगर जातिमा पनि विशेष दुई प्रकारका विवाहलाई सम्मान दिइएको पाइन्छ। ती हुन् - मागी विवाह र भागी विवाह या चोरी विवाह। ती दुई विवाह अतिरिक्त अन्य केही विवाह प्रथा पनि मगर जातिमा प्रचलित देखिन्छ।जस्तै - जारी विवाह, विधवा विवाह।

### २.५.१. मागी विवाह

मगर जातिमा छोराको विवाह गर्ने उमेर भएपछि आमा बुबाले अर्काकी छोरी हेरेर छोराले मन परायो भने नाम, राशी वा चिना पुरोहितलाई हेराउँदछन्। चिना मिले छोरीको आमा बुबा वा

माइतीकहाँ छोरी मांग्नुको निम्ति मान्छे खटाइने चलन पाइन्छ। मंग्नी जाँदा दही भरिएको ठेकीमा एकपट्टि रूपियाँ पैसा डोरीले बाँधेर साथै रक्सीको बोतल राखेर छोरी मागिन्छ। छोरीको आमा बाबाले सगुन थाप्न भन्दा अघि कलियाहरूसँग साथमा आउने ज्वाँईको परिचय लिने प्रथा छ। ज्वाँई मन परे छोरीको राजी खुसी सोधिन्छ, यदि छोरी विराजी भए सगुन फर्काउँदै नाता जोड्न नसक्ने बताइन्छ भने यदि छोरी राजी भए सगुन थापि छोरीलाई त्यसै दिन ज्वाँईको साथमा पठाइन्छ।

छोराले घरमा बुहारी लिएर आएपछि मात्र बुहारीलाई घर भित्राउने रीति मगर जातिमा छ। बुहारी भित्र्याउने दिन घरको आगन साफ सफाइ गरिन्छ साथै गोबरले लिप-पोत गरी मूल दैलोको बाहिरदेखि भित्रसम्म सात ठाउँ धान चुली-चुली राखिन्छ। त्यसमाथि पिठो मुछी सानो-सानो या चेप्टो-चेप्टो रोटी बनाइ सातै ठाउँ राखी बत्ती बालिन्छ। नयाँ बेहुलीलाई दैलोको दुवै पट्टि कलश सजाएर घर भित्र्याउनु अघि आकाश र पातललाई ढोग्नु लगाएपछि सातैठाउँमा बालिएको बत्तीलाई मैलो खुट्टाले टेक्दै बुहारी घरभित्र पसाउने गरेको पाइन्छ भने छोरा पनि बुहारीको पछि पछि भित्रिनु पर्ने हुन्छ। बुहारीले घरभित्र पसिसकेपछि पहिले टेकेको धान पिठोको डल्लालाई भेला गरी कुनै अन्नको भकारीमा राख्नु पर्ने हुन्छ। यसपछि गुन्द्री र राडी ओछ्याएर रीति रिवाज अनुसार टिका-टालो सुरु गरिन्छ। टिका लगाउने क्रममा बाजे- बोज्यू, सासु-ससुरा अन्य बडाहरूले आशिर्वाद सहित टिका लगाइदिने गर्दछन्। आशीष दिने क्रममा सासु- ससुराले

बुहारीलाई "बुहारी छोरा कतै अकाशियो भने खुट्टामा समातेर तान्नु, कतै पातलमा भास्यो भने कपालमा समातेर तान्नु" भन्ने गर्दछन् (आले २००३: ७४)। टिका टालो सकिएपछि खानपानको क्रमसँगै गाउँलेहरूले मौज मस्ती गर्दछन्। केटीलाई घर भित्र्याउने क्रम पश्चात केटापट्टिबाट पुनः ससुराली पट्टि विवाहको दिन निश्चित गर्नको निम्ति कलीयाहरू पठाइन्छ। कलियाले दुइ बोतल रक्सी काँसोको थालमा राखेर केटीको आमा-बुबालाई विवाह सम्बन्धी सोधपुछ गर्ने गर्छन्। दुवै परिवारको सर-सल्लाह मिले पश्चात तिथि अनुसार साइत हेरी विवाहको दिन तोकिन्छ। त्यस दिन नै केटीको आमा बुबाले छोरीलाई ल्याई दिनु पर्ने गर-गहना, जन्ती, आउँदा ल्याउनु पर्ने बाजा गाजा, जन्तीको सङ्ख्या अनि रीत भात तोक्ने गर्दछन्।

मगर जातिमा रीतभात तोकिने प्राय सामग्री यस प्रकार हुन्छ- रक्सी दशदेखि बाह्र बोतलसम्म , जाँड दुई घेम्पा अथवा रोटी (मोयक रोटो) मूल घरको माईतीको निम्ति एक पेरूङ्गो अनि मावलीको निम्ति एक पेरूङ्गो कुखुरा, गाजी घनी (मूल घर माईती)-लाई दुईवटा अनि मावलीलाई एउटा खसी, एउटा सुँगुर, एउटा माछा, एक-दुईवटा दस्तूरको निम्ति सिद्रा, पात र सिन्का, चामल ५-१० पाथीसम्म, दही सुपारी एक ठेकी, बाह्र मगरलाई बाह्र रूपिया र मावलीलाई एक रूपिया राख्नु पर्ने हुन्छ। यी तोकिएका रीतभात विवाहको दिनभन्दा एक दुई दिन अघि नै बेहुलीको घरमा लानु पर्ने हुन्छ (श्रोत व्यक्ति पिबर मगर कामलीङ्ग प० सिक्किम)।

विवाहको दिन बेहुली अक्षेताले पूजा गरी नयाँ वस्त्र लगाएर सिँगारिएको पाइन्छ। त्यसै गरी विवाहको दिन बेहुलाले पनि जातीय पहिरन लगाएको हुन अनिवार्य हुन्छ। विवाहमा बेहुलाले दौरा सुरूवाल अनि सेतो फेटा लगाउने चलन रहेको छ। त्यसपछि बेहुलालाई राडीमाथि लोकन्तेसँग बसाएर आमा बाबा साथै मावली पट्टिका ठूला बडाले टीका-टालो लगाइ दिने चलन छ।

बेहुलाको घरबाट जन्ती जाने क्रममा केटी पक्षको आमा-बाबाले मागे अनुसार अघि-अघि नौमती बाजा बजाउँदै जन्तीको साथ बेहुलीको विवाह घर नजीक पुगेर प्रवेश हुने अनुमतीको प्रतीक्षा गर्नु पर्ने हुन्छ। प्रथम दुई जना लमीहरू (बार्छा) पयुङ र दही ठेकी लिएर गई आफू जन्ती लिएर बेहुली लिन आएको सूचना दिँदै कुन दिशाको बाटोबाट प्रवेश हुनुपर्ने भन्ने अनुमति माग्ने प्रथा छ। बेहुलीको घरबाट अनुमति पाए पश्चात जन्तीहरू अनुशासनले आफ्नो स्थानमा बस्नु पर्ने हुन्छ। साइतको समय अनुसार बेहुला-बेहुलीलाई जग्गेमा राखि सिन्दूर-पोतेको क्रम पश्चात बेहुलीका आमा-बाबा, मामा-माइज्यू, ठूला-बडाहरूले टिको लगाइदिँदै क्रमै अनुसार ढोग भेट सुरु गरिन्छ। ढोग भेट गर्दा नियमित रीति रिवाज अनुसार सासुलाई मजेत्रो आँशु पुछने र एक रूपिया (दुधौली) दूध खाएको ऋण उर्तान) राखिन्छ। ससुरालाई एक रूपियाँ, जेठी सासुलाई पैसा सगुन, माइतीलाई सगुन राखेर ढोगा गराउने चलन छ। ढोगा गराउने क्रम सकिए पश्चात दहीको ठेकी समातेर छोरीलाई बाकदत्त दिन्छ "हाम्रो (री) छोरी कुल गोत्रबाट आजदेखि

ज्वाँईको कुल गोत्रमा गई, आज हामीले हाम्री छोरीको बागदान एक दिएँ, दुई दिएँ, तीन दिएँ" (आले २००३:७७)।

सबै कर्म सकिए पश्चात जन्ती फर्किने विधि विधान हुन्छ। जन्ती फर्किनु अघि रक्सीको बोतल राखि बिदा माग्दा बेहुलीका आमा बाबाले बेहुला- बेहुलीलाई टीका लगादउँदै विदा दिनु पर्ने चलन छ। जन्ती फर्केर बेहुलाको घर आईपुग्न अघि नै जन्तीसँग आएका बेहुलीको माइतीलाई बाटोमा राखेर सगुन दिन्छन् अनि मात्र जन्ती अघि बढछन्। घर प्रवेशमा बेहुलीले सातवटा बत्ती कुल्चिन्दै धानको डल्ला भेला गरेर प्रवेश गर्ने चलन छ। त्यसपछि बेहुला पट्टिको बाज्ये-बज्यू, आमा-बाबा आदिबाट आशीर्वाद लिने र टिका थाप्ने चलन हुन्छ भने भेला भएका निम्तारुहरूसँग खानपान गरी अन्तमा नाचगान गर्दै मौज मस्ती गर्ने प्रथा चलिआएको देख्न सकिन्छ।

### २.५.२. मगर जातिमा भागी विवाह (चोरी विवाह)

मगर जातिमा भागी विवाहको पनि प्रचलन छ। मगर जातिमा मागी विवाहको भन्दा भागी विवाहको अधिक प्रचलन छ। केटा र केटीले एकाअर्कालाई मन पराए पश्चात भागेर पनि विवाह गर्ने चलन छ। केटा र केटीले आपसमा मन पराएता पनि विशेष गरी केटा वा केटीको घर परिवार विवाहको निम्ति असहमत भएमा वा केटीको घरमा मांग्न जादा नदिएमा पनि केटीलाई भगाएर लाने चलन छ। यस्तो विवाहलाई भागी विवाह वा चोरी विवाह भनिन्छ। वास्तवमा भागी

विवाह नै प्रेम विवाह हो। कति केटाहरूले मन परेका केटीलाई कुटुनी लगाइ फकाएर भगाउने गर्छन्। चोरेर वा भगाएर ल्याएको केटी भित्राउने प्रथा मागी विवाह जस्तै हुन्छ। बेहुलीलाई भित्राएको तीन दिन पश्चात केटाको घरबाट केटीको घरमा आमा-बाबा अर्थात् माइतीकोमा उनीहरूको छोरी अन्य कतै नगएर फलानोको कूल गोत्रमा सुरक्षित रहेको सन्देश कलियाद्वारा गराइन्छ। कलियाहरूले रीति अनुसार एक जोडी (दुई बोतल) रक्सी र सगुन राखी हात जोडदै केटापट्टिबाट माफी माग्छन्। यस्तो गर्दा कति स्थानमा कलियाहरूले केटीपट्टिबाट गालीगलौज पनि सहनु पर्ने हुन्छ। त्यसपछि केटीको बाबा वा  माइतीले छोरी चोरी लगेको दण्ड स्वरूप रीति मांग्ने गर्छन्। केटीपट्टीबाट तोकिएको समय भित्र केटापट्टिबाट रित बुझाउनु पर्ने हुन्छ जसलाई चोरको स्वर पनि भनिन्छ।यसरी चोरको स्वर रित बुझाएपछि मात्र छोरी ज्वाँईको निम्ति ससुराली घरको बाटो खोलिने चलन हुन्छ तब मात्र केटा-केटीको आवत- जावत हुने गर्दछ।

कुटुम्बको पक्षबाट लगनको साइत निकाली केटी माग्न जाने गरिन्छ, जसलाई ढक माग्नु भनिन्छ। मागी विवाह र भागी विवाहमा थाप्ने रीत भात बुझाउने परम्परा माझ भिन्नता देख्न सकिन्न ता पनि मागी विवाहमा केटा मात्र बेहुलाको वस्त्र धारण गरी सिंगारिएर आफ्नो घरबाट जन्तीको साथमा जानु पर्ने हुन्छ। बेहुलीलाई सिंगार्ने कार्य बेहुलीकै घरमा रीति अनुसार सम्पन्न गरिन्छ। जन्ती फर्कंदा मात्र सिंगारिएको बेहुली साथमा लिएर फर्कन पाउने प्रथा जान्न सकिन्छ।

तर भागी विवाहमा यसको विपरित हुने गर्दछ। बेहुली केटाकै घरबाट सिंगार पटार गरी सिन्दूर पोतेले सजिएर जन्तीसँगै आफ्नो माइतघर जानु पर्ने हुन्छ।

माागी विवाह सजात (मगर-मगर) माझ मात्र हुन्छ भने भागी विवाह सजात अनि अजातसँग पनि हुन सक्छ। सजात भित्र भएको भागी विवाह नियमीत रीति रिवाजमा सम्पन्न गर्न सकिन्छ। मगर केटाले अजात केटी ल्याए भित्र्याएकै दिन आफ्नो कुल गोत्रमा हालेर सिन्दूर पोते गरिन्छ भने भित्र्याएको तीन दिन पछि केटीको घरमा जाहेरी पठाउने गरिन्छ। केटीको माइतीबाट तोकिएका दिन केटा-केटी, बुढ्यौली, केटाको बाबु अनि माइती जातदण्ड अनुसार सगुन लिएर कुरा मिलाउन जानु पर्दछ। रीति अनुसार ६२ रूपिया मात्र जातदण्ड तिर्नु पर्ने भएतापनि आजभोली यो रकम धेर तोकिने गरिएको पाइन्छ। तोकिएको दण्ड रकम अनि सगुन केटीको बाबा वा माइतीलाई बुझाएपछि रीति रिवाज अनुसार भलापञ्च बोलाई लेखापढी तयार पारिन्छ। यस लेखापढीमा उपस्थित पञ्च लगायत सबैलाई सही छाप (हस्ताक्षर) गराएर केटा पक्षबाट जन्ती अनि केटी लिएर घर फर्कने क्रम हुन्छ। यता केटापट्टि पनि मगर रीतअनुसार बाह्र मगरलाई दाल भात चलाउनु पर्ने हुन्छ। त्यस दिन देखि मात्र केटी पक्का मगरनी भएको मानिन्छ। यसरी नै मगर केटी कुनै अजात केटाले भगाएर लगे केटाको बाबुलाई कुनै दिन तोकेर बोलाइन्छ अनि समाजको रीतिअनुसार बाह्र मगर राखि जातदण्ड रकम अनि सगुन लिइन्छ। तोकिएको रकम अनि सगुन प्राप्त भए पश्चात भलापञ्चायतद्वारा लेखापढी तयार पारेर सही छाप (हस्ताक्षर) गरिन्छ।

केटापट्टिबाट प्राप्त जातदण्ड रकमको केही अंश त्यहाँ उपस्थित बाह्र मगरलाई बाडिन्छ अनि गाउँ समाजलाई दाल भात चलाइन्छ। यसो गरेपछि मात्र उनीहरू समाजमा चोखिएको मानिन्छ। केटापट्टिकाहरू भने कुरा मिलेपछि केटी लिएर घर फर्कछन्। सबै रीति रिवाज सकिएपछि वा अनुमति पाएपछि आवत जावत गर्न सकिन्छ। कति जोशमनी साधु मगरले अन्य जातमा विवाह गरेको खण्डमा दाल भात चलाइसकेर पनि मगर साधुबाट घर कुल चोख्याउने गर्दछन्।

मगर समुदाय पनि हिन्दू धर्मबाट प्रभावित वर्ग विभाजनमा विश्वास राख्ने भएको हुनाले यदि कसै मगर केटाले अनुसूचित जातिको छोरी विवाह गरेर ल्याए उसलाई घरबाट निकालिने प्रथा छ। यति मात्र नभएर केटाका आमा बाबाले गाउँ पञ्च अनि बाह्र मगर राखि कागज पत्र बनाइ दाल भात चलाएर चोखिनु पर्ने हुन्छ। यदि भविष्यमा गएर केटाका आमा बाबाले समाजको विरूद्ध गई छोरा बुहारीलाई स्वीकारे यस घर परिवारलाई नै गाउँ समाजबाट निकालिने चलन चलिआएको देखिन्छ। यसपछि त्यस घरका मगरहरू जातबाट तल्लो दर्जामा गणना हुन थाल्छन्, साथै त्यस घरबाट कसैले केही पनि सेवन गर्न नमिल्ने प्रथा रहिआएको पाइन्छ।

### २.५.३. जारी विवाह

कसैकी स्वास्नी अर्को केटा सित विवाह गरेर जाने प्रथालाई जारी विवाह भनेर जान्न सकिन्छ। मगर समाजमा यस्तो प्रकारको विवाह भएको खण्डमा विवाह गरेर लाने केटाले पहिलो लोग्नेले तोकेको अनुसार पञ्च अनि गाउँका बुढा पाका, गाउँ समाजको अघाडि पहिलो लोग्नेको शीर

उठाउनु वा दण्ड स्वरूप रकम तिर्नु पर्ने हुन्छ। अनि पहिलो लोग्नेले किनिदिएको कुनै गर-गहना केटीसँग छ भने त्यो पनि फर्काइदिनु पर्ने हुन्छ। यदि पहिलो लोग्नेपट्टिबाट नानीहरू छन् भने नानीहरू कोसँग बस्ने वा कसले राख्ने भन्ने छलफल गरिन्छ। त्यसपछि पञ्चले निर्धारित गरे अनुसार त्यसको निर्णय सुनाइन्छ। यसका साथै पञ्चले मिलाप पत्र बनाइ उपस्थित सबैले सहिछाप (हस्ताक्षर) गरेपछि जारी उठाउनेले जारी तिर्नेलाई सुम्पिनु पर्ने हुन्छ।

यस प्रकारको जारी विवाहमा यदि कुनै लोग्नेले जेठी स्वास्नीमाथि कान्छी स्वास्नी ल्याए, जेठी अलग्गै बस्ने वा सँगै बस्ने निर्णय लिने अधिकार केवल जेठी स्वास्नीको मात्र हुन्छ।यदि स्वास्नी अलग्गै बस्नु चाहे उसको सबै खर्च लोग्नेले नै बेहोर्नु पर्ने हुन्छ।

### २.५.४. विधवा विवाह

कुनै नारीले आफ्नो लोग्नेको मृत्यु भए पश्चात कसैसँग विवाह गर्‍यो भनेदेखि त्यसलाई विधवा विवाह भनिन्छ। मगर समुदायमा कुनै विधवाले विवाह गरेको लोग्नेले विधवाको आमा-बाबा वा माइतीलाई सगुनको रूपमा एक गाग्रो जाड अनि खसी बुझाउनु पर्ने हुन्छ। त्यसपछि मात्र दशैंको छेक पारी बाबु-आमा, माइतीले टीका टालो गरी छिनाफाना गर्दिन्छन्। तर स्वास्नी मरेको कुनै व्यक्तिले पुनः कुनै केटी विवाह गरे विधिवत साथ भव्य रूपमा विहे गरिन्छ।

उक्त विवाह संस्कार अतिरिक्त मगर समुदाय भित्र एक अनौठो प्रथा पाइन्छ। जसलाई कोरली सट्टा भनिन्छ। यस प्रथामा मामा-चेली र फुपू-चेला बिच विहे गर्ने गर्छन् तर मामा-चेला र फुपू-चेली माझ भने चेली माइतीको साइनो लाग्ने गर्दछ। त्यसैले मगर जातीमा सम्धी-सम्धिनीको साइनो लाग्दैन उमेरअनुसार दाज्यू-बहिनी वा दिदी-भाइको साइनोले बोल्ने गर्छन् भने सम्धिनी-सम्धिनीबीच आमाज्यू-बुहारीको साइनो हुन्छ। मगरहरू सासु-ससुरालाई मामा-गुमा (माइज्यू) भनेर बोलाउने गर्छन्। त्यसैले मामा र फुपूका छोरा छोरीबीच विहे नगरिकन नै साली-भेना, जेठु-ज्वाइँको साइनो लाग्ने हुन्छ तर फुपूको छोरीलाई, मामाको छोराले चेली मान्छन्। यद्यपि यस प्रकारको विहे प्रथा अचेल भने प्रचलन छैन।

## २.६. मगर जातिको मृत्यु संस्कार

मगर जातिका कुनै व्यक्ति वा सदस्यको मृत्यु हुने वित्तिकै मृतकको शरीरलाई भुइँमा ओछ्यान लगाई राखिन्छ अनि शीरपट्टि काँसोको थालमा चामल र दियो, कलश अनि धूप जलाएर राखिने प्रथा चलिआएको पाइन्छ। यसरी नै मगर जातिको संस्कार र रीतिरिवाज अनुसार जंगल लैजान भन्दा पहिलो लाशलाई कात्रोले ओडाइन्छ त्यसपछि सातवटा सिन्काले कात्रोलाई उनेर बाकसमा राखिन्छ। कति मगरहरूले लाश जलाउने गर्छ भने धेर जसो मगरले गाडने गर्दछ। तर दुइ प्रकारकै प्रथामा मृतक शरीरलाई गाडनु वा जलाउनको निम्ति जमीन किन्ने प्रथा अझै छ। घरबाट लाश निकाल्दा टाउको अघिल्लतिर र खुट्टा घरतर्फ पारेर निकाल्नु पर्ने हुन्छ, भने लाशको

अघिल्लोतिर तीनवटा अगुल्ठो, एक टपरा लाया (भूटेको धान), शीरमा ऱाखिएको दियो कलश, थालको चामल अनि एउटा बाँसको चोङ्गेमा दूध लिएर दुई-तीन जना बुढा-पाका (पुर्खा) शंख बजाउँदै अघि-अघि लाग्ने गर्छ भने लाश बोक्नेहरू आफन्तहरू आफ्नै जातकाहरूले हुनु पर्दछ। मगर जातिको मृतक लाशलाई अन्य जातिले छुनु नहुने प्रथा वा चलन रहेको पाइन्छ। बाटोमा लाश लाँदा बुढा-पाकाले अघि अघि धान छर्दै खुकुरी हल्लाउँदै हिंडने गर्दछन्, यसो गर्नाले बाटो खाली हुन्छ भन्ने लोक विश्वास छ। लाशलाई घाटमा लगे पछि खाल्डामा हालेर दस्तूरको रूपमा मर्नेले लुगा पहिरिन पावोस भनि अलि अलि काटिने गरिन्छ अनि गाउँका बुढा-पाकाले कपूर जलाई मुखमा दागबत्ती बालि आफ्नो भाषामा फकाउने वा पन्साउने गरेको पाइन्छ। लाश गाडदा शीरलाई पूर्व तर्फ पार्नु  पर्ने हुन्छ। एक चोटि माटोले पुरिए पश्चात सबै मलामीहरूले मट्टी दिने गर्दछन्। लाशलाई सात तलासम्म पुरेपछि बाहिर भागबाट ठूला-ठूला ढुँगाले मिचेर पुनः माटोले ढुँगालाई पुरेर एउटा ढीप उठाएर शीरपट्टि अगुल्ठो, चामल,बाँसको चोङ्गेको दूध राखि वरिपरि लाया (भुटेको धान) छरिन्छ अनि लाश गाड्ने कार्य पश्चात मलामीहरू घर फर्कने गर्छन्। मराउ परेको घरको छेवैको बाटोमा आगो, तितेपाती अनि चोखो पानी राखिएको हुन्छ, जसलाई छर्केर मलामीहरूले चोखिने प्रथा छ। यसो गर्नाले मृतकको आत्माले पछ्याउँदैन भन्ने लोकविश्वास रहेको पाइन्छ।

मृतकको परिवार सबै धारा गई केश (कपाल) खौरेर मृतकलाई पिण्ड दान गरी घर फर्की आए पश्चात लाश राखिएको स्थान (कोठामा) धाराबाट ल्याएको सेतो वस्त्र लगाइ परालको खोस्टा (सिरू) माथि धुसा वा कम्बल ओडेर कुरी बस्नु पर्ने हुन्छ। कुरी बस्नेहरू दश देखि तेह्र दिनसम्म कुटुम्बसित धारा गई मृतकलाई पिण्ड दिने गरिन्छ। तेह्र देखि दश अनि दश दिन देखि घटेर सात दिनमात्र गर्ने प्रथालाई  पश्चिम सिक्किमको सुल्डुङ- कामलिङ्गको मगरहरूले गर्ने गरेको पाउन सकिन्छ।

मृतकको आमा- बाबा नभए अरू कोही घर परिवारको सदस्यले तेह्र दिन या दश दिनमा शुद्धिकार्यको गर्ने तीन दिन अघि मात्र कोरा पस्ने गर्छन्। न्वारन नगरेको नानीको मृत्यु भई कुनै ठाउँमा दफन गरेको दिनमा अनि कति ठाउँमा पाँच दिनबाद कुटुम्बद्वारा चोखिएर क्रिया सक्ने चलन छ। यदि मृतक दशवर्ष भन्दा सानो उमेरमा मृतु भए सात दिनमा कुटुम्बद्वारा चोखिन सकिन्छ। कोरा बस्ने किरियापुत्रीले नून, तेल, मसाला आदि खानु हुँदैन भन्ने चलन छ। खाना खानु अघि मृतकको नाममा चढाएर मात्र खानु पर्दछ अनि कोरा बसेका समयमा अज्ञात धर्मका मानिसहरूसँग बात गर्नु नहुने बाधा हुन्छ। यदि जातको भए पनि एकोहोरो मात्र बोल्न पाइने चलन वा प्रथा पाइन्छ।

### २.६.१.मगर जातिमा शुद्धिकार्यको विधान

अन्य जातिमा जस्तै मगर जातिमा पनि मृत्यु संस्कारको शुद्धिकार्यलाई एउटा मुख्य कार्यको रूपमा लिन सकिन्छ। मराउ परेको घरमा दश दिन वा तेह्र दिनको अन्तिम दिन शुद्धिकार्यमा हरियो गोबरले घरलाई लिपेर बाहुन पढाइ गौदान र दक्षिणा दिने गरेको पाइन्छ। दान गरिने गाईलाई सेतो कपडा पहिराएर जमिन खनेर बनाइएको प्रतीकात्मक रूपमा वैतरिणी पार गर्न लगाइन्छ। आर्थिक क्षमता भएका मगरहरूले भने बाहुनलाई शीरदेखि एकसरो लुगाफाटा, जुत्ता, छाता, सुन, चाँदी आदि दान गर्ने प्रथा पनि जान्न सकिन्छ। यसपछि पनि कुल कुटुम्बको हातबाट गहुँत, नून, तेल खाइसकेर मात्र जुठोबाट चोखिने गरिन्छ। कुटुम्बले घरभित्र र बाहिर तीते पातीले अथवा सुनपानी छर्केर घरलाई चोख्याउने गरेको पाइन्छ। सबै परिवार चोखिने कार्य भएपछि गाँउलेहरू सरौ (सघाउनी) दिई चिया चमेना गरी जाने गरेको देखिन्छ।

दिनभरिको किरिया पश्चात बेलुकी पुनः मृतकको आत्मा अथवा सातो छुट्टाएर बाटो लगाउने कार्य गरिन्छ।यसलाई दुई प्रकारले सम्पन्न गरिन्छ। कतिले यस कामका लागि मगर साधु लगाउँछन भने कति मगरले धामी चलाउने गरेको पाइन्छ। साधु चलाउने मगरलाई साधु भनिन्छ भने धामी चलाउने मगरलाई निघुरा भनेर भनिन्छ। साधु मगरहरूमा मगर साधु एवम् पुजारीले दियो कलश सजाइवरी बत्ती बालेर विभूति (खरानी) निधारमा धसिदिँदै कान फुक्ने गर्छ, यस क्रियालाई शुद्धि भनिन्छ अनि शुद्धिद्वारा सातो (प्रेतात्मा) छुटाएर जुठोबाट शुद्धि गरेको पाइन्छ

(आले २००३: ८८)। निघुराहरूले हो भने धामी बोलाएर चिन्ता गर्ने गरेको पाइन्छ। यस चिन्तामा थान थापेर सजाइन्छ अनि फलाक्दै काम्दै मृत आत्माको सातो बोलाउँदै प्रत्येक परिवार वा सदस्यको आत्मा छुट्याएर बाटो लगाउने कार्य गरिन्छ।

अन्य जातिहरू झैं मगर जातिले पनि पछि पैंतालिस र बर्खान्ती (वर्षेनी) को किरिया गर्ने चलन रहेको पाइन्छ। त्यस बेला कतिले मृतकको चिहानलाई बालुवा र सिमेन्ट लिप्ने गरेको पाइन्छ भने कतिले दोबाटोमा हावा घर वा चौतारो (धर्मशाला) को निर्माण गरिदिएको देख्न पाइन्छ। यसै दिन मृतक परिवारले चाहे कर्म (शुद्धाई) को दिन नै पैंतालीसको किरिया पनि फुकाउनु सक्छन्।

## २.७. मगर जातिको चाढ पर्व

मगर जाति प्राय बाह्रमासे चाड पर्व मनाइरहने जाति हो। यो जाति हिन्दू धर्मसँग घैरै प्रभावित भएको कारण मनाइने चाड पर्वमा पनि हिन्दू धर्मको छाप पाइन्छ। केही चाड पर्वको जानकारी निम्नलिखित छन् -

### २.७.१.माघे सङ्क्रान्ति

मगरहरू जङ्गल डुलिहिडने र जङ्गली फलफूल खाई जीवन निर्वाह गर्ने एउटा आदिम जाति हो। मगर जाति पछि बस्ती बसाएपछि स्थायी रूपमा बस्न लागे र खानेकुराका रूपमा बन तरूल

,गिठ्ठा भ्यागुर र अन्य कन्दमूल खोजी खाने कुसुण्डालाई राजा बनाए (आले २००३: ९३) । राजा भए पश्चात स्वभाविक रूपमा खान पान र रहन सहन नसुहाउने हुँदा उनले माघ महिनामा आफ्नो भारादारहरूलाई जङ्गलको बन तरूल र गिठ्ठा - भ्यागुर खनेर ल्याउनु लगाइ खाने गदर्थे। त्यसै दिनदेखि त्यस परम्परालाई माघे सङ्क्रान्ति चाडको रूपमा मनाइने गरिन्छ। आजको युगमा पनि मगर जातिहरूले त्यस दिन विहान उठि नुहाई-धुवाई गरी काँचो वन तरूलको टीका लगाई फलफूल, सेलरोटी,दालरोटी र मिठा-मिठा खान पानको प्रयोग गरी त्यस पर्वलाई मनाउने गर्दछन्।

### २.७.२. चैते दशैं

यो बडा दशैंको सानो रूपमा मनाइने एउटा चाड हो। यस दिन मगरहरू सारा परिवार भेला भइ मीठा-मीठा खानपिन तयार पारि एक साथ बसेर सेवन गर्ने गर्दछन्।

### २.७.३ साउने सङ्क्रान्ति

विक्रम संवतको अनुसार साउन महिनाको १ गतेको दिनलाई साउने सङ्क्रान्तिको चाडका रूपमा मनाइने गरिन्छ। त्यस दिन मगर जातिले मीठा-मीठा मांसाहरी भोजन तयार पारि परिवारका सबै सदस्यहरू भेला भई एक साथ बसी खाँदै मौज गर्ने गर्छन्।

### २.७.४. बडा दशै (विजय दशमी)

हिन्दू धर्मावलम्बीहरूको बिभिन्न चाडहरू मध्ये बडा दशै पनि एउटा महत्वपूर्ण चाड हो। यो चाडमा धेरै खर्च भएता पनि मगरहरूले यस चाडलाई धूमधाम तरिकाले मनाउँछन्। दशैंको दिन नयाँ वस्त्र , भेषभूषा पहिरन गरी बाजे-बोज्यू, आमा-बाबा अथवा ठूला बडाको हातबाट दही चामलको टीका लगाई दिई ढोग गर्दै आशीर्वाद लिइन्छ अनि माठा-मीठा भोजन पान गरिन्छ।

### २.७.५. तिहार (भाइ टीका)

परम्परा अनुसार बलिहाङ नाम गरेको नामी, धर्मी न्यायप्रेमी मगर राजाको सम्झानामा उनको पिंडीदेखि नै मनाइदै आएको यो चाड मगरहरूको एउटा मुख्य र मूल चाड हो।(आले२००३: ९४)। यस दिनलाई तीन दिने चाड पनि भनिन्छ। लक्ष्मी पूजाको बिहान गाईको पूजा गरिन्छ भने बेलुकी लक्ष्मी देवीको पूजा अर्चना गर्ने गरिन्छ। त्यस पश्चात चेलीबेटी भेला भइ भैलेनी खेल्ने गर्दछन् भने केटाहरू भैलो भनि भट्याउँदै खेल्ने गदर्छन्। दोस्रो दिन गोठ पूजा गर्ने गरिन्छ अनि चाडको तेस्रो अथवा भाइ टीकाको दिन चेलीहरूले चोखो मुखमा माइती राजाको पूजा गरी टीका लगाइदिन्छन्। त्यस पश्चात सयपत्रीको माला लगाइ दिएर यमराजसँग भाइ वा दाजुको दीर्घ आयुको वरदान माग्छन्। अन्तमा सेल रोटी (कोयक रोटी) अनि तयार पारेका मीठा-मीठा भोजनहरूलाई खाँदै मौज गर्छन्।

### २.७.६. कुल पूजा

कुल पूजा भन्नाले पितृहरूको पूजा बुझिन्छ। मगर समुदायले यस पूजालाई प्राचीनकालदेखि नै मंङ्सीर पूर्णिमा एंवम् वैशाख पूर्णिमाको दिन आफ्नो बाजे-बोज्यू, पिता-पुर्खाको स्मरण गर्दै कुल पूजा गरेको पाइन्छ। मगर जातको विभिन्न थर अनुसार आ-आफ्नै तरिकाले उक्त पूजा गर्ने गरेको देखिन्छ।

पिता पुर्खालाई खुशी राख्न सके घरको रक्षा हुन्छ अनि कुल देउता भइ बास गर्छन् भन्ने मगरहरूको विश्वास छ। यस जातिले कुल पूजा गर्दा धेरै जसो बली चढाउने परम्परालई मान्यता दिँदै आएको पाइन्छ। यसैले भेंडा, बाख्रा, सुँगुर, कुखुरा आदिको बली दिने गदर्छन्। साधु मगरहरूले भने पवित्र जल, धूप र बत्ती तथा चरू पोलेर कूल देउतालाई पुज्ने गर्दछन्।

### २.७.७. साधु मगरहरूको कुलपूजा

साधु मगरहरूले जल, पाती, शुद्ध धुप बती बाली शिव शङ्करलाई स्मरण गर्दै कुलपूजा गर्छन्।यो पुजाको प्रथा मङ्सीर पूर्णिमा अनि वैशाख पूर्णिमामा गरिने पूजा भन्दा भिँन्नै हुन्छ। यस पूजामा पशु पंक्षीको भोग दिइँदैन। उनीहरू शिवको शक्तिलाई सृष्टी शक्ति ठान्छन् अनि उनीहरूलाई 'जिज्यूबोइ-जिज्यूमोइ भनीकन आफ्ना मूल कुलको पूजा गर्ने गर्छन् (आले २००३:९०९)।

पूजा गर्ने विधिमा घरका मूल सदस्यले चोखो मुखमा र कसैले नछोएको चोखो पानी, फूल पाती चढ़ाएर बती बाल्छन्। यस प्रक्रियामा गाई-धूप र सिक्पा-धूप पनि चलाइन्छ। पूजा नसकेसम्म पूजक वा पूजा गर्ने चोखो मुखमा बस्नु पर्ने हुन्छ। यस पूजामा औँसी र पूर्णिमामा अझ धूवाँसित धाममा चरू पोली धुनीवरीपरि सोह्रवटा बत्ती बाली कुल पितृलाई दिइन्छ अनि समस्त परिवार र गाई वस्तुको सङ्ख्या कति छ त्यत्तिको बत्ती बनाएर उनीहरूको नाममा बालिन्छ। यो पूजा समाप्त गर्नु भन्दा अघि माटो र गोबरले धाम लिपेर चोख्याउने गरिन्छ।

### २.७.८. बाराहीमीजोङ

बाराहीमीजोङ मगर जातिले वर्षेनी मनाउने एउटा मुख्य चाड हो। मङ्सीर पूर्णिमा एवम् वैशाख पूर्णिमाको दिन मनाइने कुलपूजा जस्तै यो पनि एउटा पितृहरूको पूजा नै हो। मगरका सबै थर उपथरहरूले यो चाड मनाउने गर्दछन्। मगर भाषामा भगवानलाई "बाराही" तथा आराधनालाई "मीनाट" वा "मी" अनि किल्ला वा सूरक्षालाई "जोङ" भनिन्छ (आले२००३ः ८०३)। वास्तवमा सम्पूर्ण मगर समुदायको सुरक्षा वा हितको लागी इष्टदेव अथवा पूर्खा तथा कुलदेवताको पूजा गरिने दिनलाई बाराहीमीजोङ भनिएको हो।

मगरहरू वर्ष भरि नै झरी, बादल, घाम, पसिना, हुरी, बतास नभनीकन आफ्नो बारीमा अन्न बाली फलफूल कन्दमूलहरू रोप्ने गर्छन्। मङ्सीर महिनामा वर्षभरि लगाइएका बालीहरू उठाइसके पश्चात फलेका अन्न बाली फलफूलहरू सबैभन्दा पहिला आफ्नो ईष्ट देउता अथवा कुल

पितृहरूलाई चढाउने गर्छन्। फलेका अन्न बाली र फलफूलहरू आफ्नो ईष्ट देउताको आशीर्वाद हो भन्ने कुरामा मगरहरू विश्वास गर्ने गदर्छन्। तसर्थ त्यस दिन घरमा गाँउका मूल पुजारीले पूजा गदर्छन्। फलेका नयाँ अन्न बाली र फलफूलहरूको अंश पूजामा चढाई धूप बत्ती बाली कुल पितृहरूको स्मरण गर्दै पूजा गर्ने गरिन्छ। पूजामा बितेका दिनहरूमा दिएका साथप्रति अनि आशीर्वादप्रति आफ्नो ईष्ट देउतालाई कृतज्ञता अथवा धन्यबाद प्रकट गरिन्छ साथै भविष्यमा आइपर्ने दुःख, पीडा र बाधाहरूबाट आफू बाँचु अनि अन्न बालीको सदैव सह रहोस् भन्दै पूजा आराधना गरिन्छ।

## २.८. मगर जातिको नृत्य र गीत

पूर्वकालदेखि नै मगर जातिको आफ्नै विशुद्ध लोक - संस्कृति छ। चाड पर्व विहे बुटलो, घाँस दाउरा, खेताला र मेलापात गर्दा गाउने गीतहरूले उक्त कुरा स्पष्ट पार्दछ। सुख- दुःख, हरियाली, खोला-नाला, पहाड-पर्वत, पवित्र पोखरीहरूको भावलाई समेटि मादलको तालमा नाच्ने-गाउँने पारम्परिक  मगरहरूको संस्कृति झल्काउने गर्दछ। मगर संस्कृतिमा समावेश भएका नृत्य गीत अनि बाजाहरू निम्नलिखित छन् -

### २.८.१. मारुनी नाच

मारुनी नाचले मगर संस्कृतिभित्र मुख्य स्थान ओगटेको छ। प्राचीनकालमा मात्र नभएर वर्तमान युगमा पनि यो त्यतिकै लोकप्रिय रहेको पाइन्छ। मारुनी नाचको मुख्य आकर्षण महिलाको श्रृङ्गार-पटारमा रहेको पुरुष मारुनी हो। सँगै यस नाचमा पुर्सुङ्गे, गायक अनि मादले पात्रहरूको छुट्टै भूमिका रहेको पाइन्छ।

मारुनी नाच जताभावी प्रदर्शन गर्दा अनिष्ठ हुन सक्छ भन्ने विश्वास गरिन्छ। दसैंमा फूलपातीको दिन विधिसँग पूजा गरी यस नाचको आरम्भ गरिन्छ भने यस नाचलाई तिहार पछि पुनः विधिपूवर्क समापन नगरेसम्म मारुनीले पहिरिएको वस्त्र खोल्न वा फुकाल्न हुँदैन। पूजा गरी फुकुवा अथवा खोलिएको पहिरन र नाचमा प्रयोग गरिएको सामग्रीहरू लुकाएर अलग्गै राखिने चलन छ। यसरी नाच विश्राम गरिए पश्चात अर्को वर्षसम्म नाचको सामग्री चलाउनु र गीतहरू गाउनु नहुने लोकविश्वास छ। यदि कसैले विधि बेगर मारुनी नाचे अथवा मादल बजाए अनिष्ठ हुन सक्छ भन्ने विश्वास र धारणा मगर समाजमा छ।

### २.८.२. मादल

मगर गीत र मारुनी नाचमा प्रमुख उपयोग हुने बाजा मादल हो। छतिउन, दार, मालागेरी र खमारीको रूखबाट बनाइने यो मादल दुवैपट्टी अलग-अलग तालमा बजाउनु सकिन्छ। मादलको

ताल दुवैपट्टी अलग-अलग खरी लगाएर बनाइएको हुन्छ, जसको आकार गोलो देखिन्छ। यसको खरी लगाइने भागलाई कटौरा र अझ बाहिरी भागको गोललाई मथरा भनिन्छ, जहाँबाट तुना कस्दै- बाँध्दै लगिन्छ (आले २००३:१११)। मादलको आकार एकपट्टी अलिक सुकेको र अर्को पट्टी फुकेको हुनाले ठूलो भागलाई भाले अनि सानो भागलाई पोथी भनिन्छ। मादल दुई प्रकारका हुन्छन् - पूर्वेली र पश्चिमे। पूर्वेली मादल ठूलो आकारको अनि पश्चिमे मादल अलिक सानो आकारको हुन्छ। मादलमा खरी लगाउन भन्दा अघि कटौरामा गोलो दाग बनाइन्छ, जसलाई चिट्टा भनिन्छ।

मारुनी नाचको गीत अनुसार मादलको पनि अलग अलग ताल हुन्छ। त्यसैले मारुनी नाचमा मादलको मुख्य भुमिका रहेको पाइन्छ।  यदि मादलको ताल बिग्रियो भने नाच सबै भताभुङ्ग हुँदछ। तसर्थ गुरूले नाचमा ताल तथा गीत परिवर्तनको सङ्केत दिनु परेमा मादल जोडले ठोकेर ताल दिन्छन् र मारुनी मादलको सो ही ताल अथवा गितको भाकामा नाचने गर्दछन्।

### २.८.३. समला

नेपाली लोक जीवन साथै मगर संस्कृतिमा पनि समलाको तालमा गाइने गीतहरू धेरै प्रचलित भएको पाइन्छ। जीवनमा भोगिने अनेकौं उकाली ओराली क्षणहरु साथै प्राकृतिक सौन्दर्यहरूलाई समेटी समलाको तालमा गाइने गीतहरूले मानव जीवनमा धेरै मनोरञ्जन प्रदान गरेको पाइन्छ।

यतिमात्र नभएर भजन, चाड-पर्व आदिमा पनि समलाको तालले मुख्य भूमिका निभाएको साथै बाह्रमासे लोकप्रिय भएको पाइन्छ। यस गीतको भाका यस प्रकारका छ -

"आकासैको कालो बादल ..

पानी परयो रम-झम..

मादलुको तालैमा नाचौ आज छम-छम

माइती राज सम्झी आयो..

परदेशको मोह त्यागेर..।" (विश्वकर्मा २०१७ः ३२)

**२.८.४. ख्याली**

युवतीहरूको हाँसखेलको रूपमा हुने प्रेमपूर्ण अभिव्यक्तिलाई ख्याली भनिन्छ। छोटो सरस अभिव्यक्तिलाई चुडके ख्याली भनिन्छ। चुडके ख्याली भक्ति प्रधान चुडके भजनको शैलीसँग मिल्ने भए तापनि विषय वस्तु भने आमोद- प्रमोद र प्रेमसँग नै आधारित हुन्छ। यसलाई पहिलो चरणमा ६ मात्र र दोस्रो चरणमा ७ मात्रामा गाइने गरिन्छ भने चुडकेमा सातमात्राको अर्को चरण पनि थपि तीन चरण बनाउन सकिन्छ।यस प्रकारको ख्यालीलाई गुल्मी र स्याङजातिरका मगरहरूको समाजमा रोइला भन्ने गर्दछन्। रोइला वा चुडकेमा स्थायी र अन्तरा छुट्टिँदैनन्। यसलाई एक्लै अथवा दोहोरीको रूपमा पनि गाउने गरेको पाइन्छ। लामो ख्यालीको स्थायी रूपमा तुक्का जोडेर

गाउने चलन गरिएको छ । लामो तानेर गाइने ख्याली ५-५-६ अक्षरमा विराम गर्दै १६ मात्रामा सकिने हुन्छ।

चुडके ख्याली दुई चरण मध्ये पहिलोमा र दोस्रोमा ७ अक्षर हुन्छन्, जस्तै -

माया उतातिर

कर्के नजर मतिर

यसलाई आँधीखोले चुडकेली रोइला पनि भनिन्छ। यसमा अर्को चरण थपिन्छ -

स्याइला मेरो जिल्ला

बलिम मेरो बसोबासो

लाउँला माया खसोखासो (बन्धु २००९:१५१)

## २.८.५. सोरठी

सोरठीमा सूत्रधार जस्तो वक्ता गुरुबाबु हुन्छ। सेतो फेटा बाँधेका गुरुबाबुले गर्रा बाध्छन् (बन्धु २००३:२७०)। यो स्वास्नीमान्छेको लुगा लगाएर लोग्नेमान्छेले नाच्ने गरिन्छ र सोरठीको हाउभाउ गर्ने मारुनी हुन्छ। यसमा मारुनीको भूमिका मुख्य रहने हुँदा यसलाई मारुनी नाच पनि भनिन्छ। पुरुषको भेषमा नाच्ने एउटा पुर्सुङ्गे हुन्छ। दर्शकहरूलाई हँसाउन एउटा लबरपाँडे

हुन्छ। सोरठी चाहिँ लोकगाथा मात्र हो जसलाई प्रौढ पुरुषहरू खैंजडी र घन्टी बजाउदै गाउँछन्। नेपाली सोरठी लोकनाटकका रूपमा प्रस्तुत हुन्छ। यो नृत्यका साथै वाध र सङ्गीतको पनि उत्तिकै महत्व हुन्छ। सोरठी खास लोकनाटकको नाम नभई एउटा लोकनाट्य विधाका रूपमा विकासित भएको छ (बन्धु २००५:२७६)। विधाका रूपमा सोरठीकै भेद केन्द्रीय नेपालमा प्रचलित नचरी चरित्र र लीला पनि छन्। यो विशेष गरी मगर र गुरुङहरूको समाजमा प्रचलित छ। यसलाई लामो तालमा पनि गाइन्छ र यसलाई लसके भाका भनिन्छ।

### २.८.६. कौरा

मारुनी र घाटु नाच झैं कौरा पनि मगर समुदायहरूको एक लोकप्रिय लोकगीत हो। अन्य सांस्कृतिक नाच झैं कौरा पनि निश्चित तिथिमिति र विधिविधान अनुसार प्रस्तुत गरिने लोकनाटक भए पनि अहिले आएर बाह्रमासे मायाप्रेमको नृत्यगीतको रूपमा चिनिन थालेको पाइन्छ। कौरा नाच शिवरात्री वा वसन्त पञ्चमीको दिन सुरु गरेर दसैंमा सेलाइन्छ भने कतै माघेसङ्क्रान्तिमा सुरु गरिन्छ अनि असारे पूर्णिमाका दिन पनि सेलाउने गरिन्छ। यो नाच विधिविधान अनुरूप नचाइने कौरामा गुरूबाले देव-देवीको नाम लिएर बन्दना गर्दछन्। कौरा नृत्य अविवाहित युवतीहरूले मात्र नाच्न पर्ने हुन्छ। कहिले काहीँ नृत्य गर्नेहरूलाई झाँक(कम्पन) पनि आउने गर्छ, झाँक आउनेहरूलाई बीच - बीच राखी यो नृत्य प्रदर्शन गरिन्छ। कौरा नाचमा रामायण, महाभारत, पौराणिक, ऐतिहासिक तथा लोकजीवनका घटनामा आधारित गाथा गाएर नाच्ने पनि

गरिन्छ। यस बाहेक अङ्ग प्रत्यङ्गको हाउभाउ तथा अभिनयात्मक नृत्यको माध्यमबाट जन्म, माया प्रेम, घरजम र घर व्यवहार जस्ता लोकजीवनका गाथा गाएर पनि कौरा प्रस्तुत गर्ने प्रचलन पाइन्छ। युवाहरू (विवाहित, अविवाहित)- ले खैंजडीको तालमा गीत गाउने र युवतीहरू नाच्ने परम्परा भए पनि अहिले आएर युवा-युवती दुवै नाच्ने र गीत पनि दोहोरीको रूपमा गाउने गरेको पाइन्छ। कौरा नाच सेलाउदा नृत्यका सहभागीहरू भेला भएर खैंजडी एक ठाउँ जम्मागरी धुप हाल्ने प्रचलन छ।

### २.८.७. घाटु नाच

नेपाली संस्कृतिभित्र नेपाली जाति कै चिन्हारी बनेर रहेको घाटु नाच मगरहरूको एउटा संस्कृति हो।  पहिला घाटु नाच समस्त नेपाली जातिको साझा संस्कृतिका रूपमा परिचित भएतापनि अहिले मगर, गुरुङ र भुजेल समुदायभित्र मात्र प्रचलित रहेको पाइन्छ।

विशेषगरी श्रीपञ्चमीमा विधिपूर्वक पूजा अर्चना गरी सुरु गरिने घाटु नाच वैशाख पुर्णिमासम्म नाचिन्छ। घाटु एक शास्त्रीय नाच हुनका साथ-साथै मगर, गुरुङ र भुजेलहरूको लोक संस्कृतिमा आधारित गीति नाटक हो। उनीहरूको एक प्रसिद्ध लोक नृत्य हो। यसको ऐतिहासिक किंवदन्ती फरक फरक भए तापनि यसमा १६ औं शताब्दीतिर लमजुङका राजा रानीको विवाह, प्रेम, गृहस्थी, राजकाज, जङ्गल प्रस्थान, शिकार आदि घटनाका आधारित कथाहरू हुन्छ। घाटु नाच्नका लागि घाटुकी कन्याको सङ्ख्या कथाको विषयवस्तु अनुसार हुनुपर्छ। घाटु नाच्न अघि अक्षेताले

इष्टदेव, हिउँचुली, बरचुली, देवचुली आदिको पूजा गरेपछि घाटु नाच्ने कन्याहरूको आँखा बन्द हुने गर्दछ। यसलाई देवी चढेको मानिन्छ। कन्याहरूको आँखा बन्द नभएसम्म देवीहरूको नाम जप्नु पर्छ। देवीले पत्याएपछि घाटु सुरु गरिन्छ। घाटु नाचको सुरुवात मंगलचरणबाट गरिन्छ। इष्ट देवीहरूको साथमा आमा, धर्ती, आकाशलाई साक्षी राखिन्छ।

घाटु नाच दुई प्रकारका छन्, ती हुन् सती घाटु र बाह्रमासे घाटु। प्रचलित सती घाटु विशेष मानिन्छ। सती घाटु वैशाख पूर्णिमाका दिन मात्रै नाचिन्छ। वसन्त पञ्चमी अर्थात् श्रीपञ्चमीदेखि विधिवत घाटुको थालनी गरी मध्य जेठसम्म नाच्ने गरिन्छ। सती घाटु रीति पूर्वक मादल र गीतको तालमा नाचिने शास्त्रीय नाच हो। यसमा नाच्ने कन्याहरूमा देवी चढने भएकाले उनीहरू नाच्ने क्रममा बिहोसीको अवस्थामा हुन्छन्। यो अवस्थालाई कुसुण्डा भनिन्छ (बन्धु २००९:२७७)। यो क्रममा मादलको ताल वा गीत बिग्रियो भने नाच्ने कन्याहरू बिहोस भइरहने विश्वास छ।

बाह्रमासे घाटु जहिले पनि नाच्ने गरिन्छ। विशेष गरी पाहुना जाँदा, कुनै विशेष मेला उत्सव आदिमा बाह्रमासे घाटु नाचिन्छ। यसका लागि कुनै साहेत हेर्न वा विशेष पूजा अर्चना गर्न पर्दैन।

## २.८.८. सालैजो

साला+ज्यूबाट परिवर्तित भई सालैजो शब्द बनेको देखिन्छ। कसै-कसैले यसलाई साली+ ज्यूबाट निर्मित शब्द पनि मानेका छन् (शर्मा र लुइटेल २०५३:९८)। यसमा सालैजो थेगाको पटकपटक आवृत्ति भइरहने हुँदा यसको सालैजो नाम सार्थक रहेको देखिन्छ। मूलतः सालैजो एउटा भाका मात्र रहे तापनि हाल यसले बहुप्रचलनका कारण लोकगीतकै नाम धारण गरी सकेको छ (शर्मा र लुइटेल २०५३:९८) । यो विशेष गरी मध्यपश्चिमञ्चल र पश्चिमञ्चल लुम्बिनी, धौलागिरी एवम् गण्डकी भेगमा विशेष रूपमा प्रचलित रहेको छ। यो गीत मुख्यतः मगर जातिले गाउने गर्दछन्। यो गीत गुरुङ जातिले पनि गाउने गरेको पाइन्छ। सालैजो मगर एवम् गुरुङ जातिका युवाहरूले गाउँछन् भने कहिले- काही बढाबुढीहरूले पनि गाएको पाइन्छ। यस गीतको प्रमुख उद्देश्य मन बहलाउनु मात्र रहेको देखिन्छ।

सालैजो गीत सदाकालिन गीत भएकाले बाह्रमासे गाइन्छ। यो विशेषगरी चाडपर्व, मेलापात, उत्सव, घाँस काट्दा, गोठालो जाँदा आदि गाइने गरिन्छ। यसका लागि कुनै ठाउँ समय चाँहिदैन। यो गीत बलिबियाँलो वा मनोविनोदका लागि पनि गाइन्छ। यो दोहोरी र एकल रूपमा गाइने गीत हो। यस गायनमा महिला पुरूष दुवै हुन्छन् तर विशेष गरी महिलाको सहभागिता देखिन्छ। यो गीत छोटो र लामो दुवै भाकामा गाइने कण्ठगीत हो तर सामूहिक गीतका रूपमा गाइँदा मादलको प्रयोग गरिन्छ। सालैजो गीतको मुख्य विषयवस्तु मायाप्रीति र

विरहवेदना हुन्। यसैले यसको विषयवस्तु सुखात्मक भई मनोरञ्जन प्रदान गर्ने साथै दुखात्मक भई मनको पीर पोख्ने खाल्को पनि हुन्छन्। यो भावप्रदान लोक गीत हो। यसका केही उदाहरणहरू छन् जस्तै-

छैन के रे वनमा न्याउली कराउँदैन मायाले

सानोसानो मादलु मेरो सालैजो। खरी त झर्दैन

मरेर जान्छ जोबान हाम्रो सालैजो ! डर मान्नु पर्दैन

आमा रूँदै मनमा छोरो जुवीडे छ मायाले। (शर्मा र लुइटेल २०५३:९८)

## २.९. मगर जातिको भेषभूषा तथा गर-गहना

मगर जातिको आफ्नै प्रकारको भेषभूषा र गर-गहना छ। मगर जातिका पुरुषहरूले पहिरन गर्ने भेष-भूषा यस प्रकार छ- कछाड, भोटो, लंगौटी, अस्कोट, टोपी आदि। यसरी नै महिलाहरूले लगाउने गुण्यू, चोलो, पटुकी, मजेत्रो, घलेक, भाङग्रा आदि प्रयोग गर्दछन्। मगर नारीहरू आफूलाई सजाउने क्रममा ढुँग्री, फूली, मडवारी कट्टा, बुलाकी, औँठी, चुरा, बाला, टीका आदि प्रयोग गर्छन। पुरुषहरूले आपद परेको समयमा काम लाग्छ भन्ने धारणाले आफूसँग सदैव खुकुरी भिरेर हिँड्ने गरेको पाइन्छ। यसलाई पनि भेषभूषाको अङ्ग मानिएको छ। अघिल्लो पिँढीसम्म मगर पुरुष-स्त्रीहरूले दैनिक जीवनमा यी भेषभूषा लगाएको पाइन्थ्यो भने वर्तमान पिँढीमा

आएर यस्ता वस्त्रको प्रयोग अग्रज पुस्ता र दुर्गम भेगमा मात्र प्रयोग भएको पाइन्छ। वर्तमान पिँढीका युवावर्गमा आधुनिक भेषभूषाको प्रभावले गर्दा उनीहरूले दैनिक जीवनमा सर्ट, पतलुन, (पेन्ट) ईस्ट कोट आदिको प्रयोग गरेको पाइन्छ भने जातीय भेषभूषालाई उत्साह, पर्वका दिनहरूमा मात्र प्रयोगमा ल्याइएको पाइन्छ।

## २.१०. धर्म

प्राचीनकालदेखि नै मगर जातीहरूले धर्म स्वरूप (झाक्रीवाद) मान्दै आएको पाइन्छ। यस धर्ममा प्रेत अथवा आत्माहरूको पूजा गर्ने गरिन्छ। आजको युगसम्म पनि उनीहरू रोग लाग्दा नानी तथा ठूला कोही पनि मुर्छा पर्दा धामी झाक्री लाउने गर्दछन्। विषालु प्राणी जस्तै सर्प, विच्छु, धोक्रे, आदिले डस्दा पनि तन्त्र मन्त्रद्वारा झारफूक गरेको चलन मगर समाजमा देखिन्छ।

मगरहरूमा कति जना जन्मजात नै तन्त्र-मन्त्रका शंक्तिहरू लिएर जन्मिएको पाइन्छ, जसलाई भूईँफूटुवा झाक्री मानिन्छ। कति झाक्रीहरूलाई भने वन झाक्रीले लगेर महिनौ अथवा वर्षौं दिन सम्म तन्त्र-मन्त्रको विद्या सिकाएर फर्काइ दिएको हुन्छ भन्ने विश्वास मगरहरूमा गर्दछन्। समय समयमा मगरहरू पूजा आराधना गर्ने गर्छन्। वास्तवमा मरेका पिता पूर्खा नै कुल देवताको रूप लिई समस्त परिवारहरूको रक्षा गर्छन् भन्ने कुरामाथि उनिहरू विश्वास गर्दछन्। त्यसैले मगरहरूको धर्मलाई कुलधर्म पनि भन्ने गरिन्छ। बहुसङ्ख्या मगरहरू हिन्दु धर्मबाट

प्रभावित भई हिन्दु धर्मलाई अपनाएका छन् भने एकाध मगरहरूले बौद्ध धर्म पनि मान्ने गरेको पाइन्छ (आले २००३:९१)।

## २.११. मगर जातिका  थर र उपथर

अन्य जात जस्तै मगर जातमा पनि उपजात र थर उपथरहरू छन्। मगर जातको मुल उपजाति - आले, राना, बूढाथोकी, पुन, घर्ती अनि थापा हुन्। उपजातिलाई नै थर पनि भनिने गरिन्छ। थरबाट छुटिएर अङ्ग प्रत्यङ्ग भएका थरलाई गोत्र, अनि पितृ पनि भनिन्छ। कुनै पनि पारम्परिक क्रिया कार्य गर्दा थर गोत्र अनि पितृ छुट्याउन अनिवार्य हुन्छ। मगरहरूको पुर्ख्यौली वंश जान्न वा बुझ्नलाई थर ,गोत्र र पितृ पहिल्याउने गरिन्छ। यदि कुनै पनि दुई मगरबीच उक्त उपथरहरू सबै मिले आफ्नै वंशमा परेको बुझ्न सकिन्छ। यस्ता मगरहरूले एक-अर्कामा परेको किरीया जस्तै मराउ-पराउमा छाक अथवा जुठो बार्नु पर्ने हुन्छ। थर-गोत्र मिल्ने मगर सातौं कोश टाडा बसो-बासो गर्ने भए तापनि एक वंश हुनका कारण ती मगर परिवार माझ विहेबारी नहुने वा नचल्ने हुन्छ।

## २.१२.निष्कर्ष

यस अध्यायमा मगर जातिको, भाषा र संस्कृतिको परिचय दिइएको छ। मगर, नेपाली जाति भित्र पर्ने उपजातिहरू मध्ये एकजाति हो। मगरहरूले बोल्ने भाषालाई मगर भाषा भनिन्छ जो भोट

बर्मेली भाषा परिवार भित्र पर्दछ। यो जाति विश्वभरि नै फैलिएर बसेका भए तापनि विशेष गरी सिक्किम, दार्जिलिङ, डुवर्स अनि नेपालका पूर्वोत्तर जिल्लाहरूमा धेरजसो पाइन्छ। नवीन पिँढीले मगर भाषालाई मातृभाषाको रूपमा ग्रहण नगरे तापनि जातीय संस्कार-संस्कृति प्रति सचेत रहेको पाइन्छ। त्यसैले मगर समुदाय आफ्नो भाषा अनि संस्कार-संस्कृतिको संरक्षण र सम्बर्द्धनप्रति जागरूक भएका छन्।

# तेस्रो अध्याय

# मगर भाषाको ध्वनि व्यवस्था

यस अध्यायमा मगर भाषाको ध्वनि र वर्णको अध्ययन गरिएको छ। मगर भाषाको ध्वनि उत्पादनमा सम्बन्धित प्रक्रिया, खण्डीयता, ध्वनिहरूको वर्गीकरण, वर्णन तथा विश्लेषण गरिएको छ। मगर भाषाको वर्ण विश्लेषण र विभेदक अभिलक्षणा पनि प्रस्तुत गरिको छ।

## ३.१. श्वासप्रवाह प्रणाली

मगर भाषाको ध्वनि उत्पादन प्रकियामा श्वासप्रवाह फोक्से रहेको छ। फोक्सोमा रहेको श्वास ध्वनिको उत्पादनका लागि चालमा आउने प्रक्रिया फोक्से श्वासप्रवाह हो। फोक्सो प्राणीको सास फेर्ने शारीरिक अङ्ग हो। यस प्रक्रियामा मध्यपट (diaphragm) तथा अर्न्तकरङ (inter coastals) फोक्सोतिर सर्दा फोक्सोको बाहिरी भागमा उत्पन्न भई फोक्सोमा रहेको श्वास त्यहाँबाट बाहिरिन्छ र वायुमार्गमा विभिन्न स्थानको उच्चारण अवयवहरूबाट श्वासप्रवाहमा उत्पन्न बाधा भई ध्वनिहरूको उच्चारण हुन्छन्। यस्तो ध्वनिलाई (pulmonic) फोक्से ध्वनि भनिन्छ।

### ३.१.१. खण्डीय र खण्डेतर ध्वनि

कुनै पनि भाषालाई खण्ड गर्न सकिने सबै भन्दा सानो एकाई ध्वनि हुन्। यस्ता ध्वनिलाई खण्डीय ध्वनि भनिन्छ। उदारणार्थ मगर शब्द [kan ] "हामी" -को [k],[a],[n] खण्डीय ध्वनि हुन् यी ध्वनिहरू स्वतन्त्र रूपमा उच्चारण हुन्छन्। स्वतन्त्र रूपमा उच्चारित हुन नसक्ने र खण्डीय ध्वनिको सारमा मात्र आउन सक्ने ध्वनि खण्डेतर ध्वनि हुन्। मगर भाषामा [pʰitse] "हरियो" र [dzjãsi] "ऐंसेलु" शब्दमा [pʰ] र [ã] खण्डेतर ध्वनि हुन्।यी दुवै [pʰ] र [ã] ध्वनि हुन्। यसका साथमा मात्र आएर उच्चारण भएको छ। मात्रा एकलै उच्चारण हुँदैन। त्सैले यसलाई खण्डेतर ध्वनि भनिन्छ।

एक्लै उच्चारण हुन सक्ने वा खण्ड गर्न सक्ने ध्वनि खण्डीय ध्वनि हुन्। यस ध्वनिलाई पनि उच्चारणको आधारमा श्वासप्रवाहमा बाधा हुने र नहुने गरी दुइ प्रकारमा विभाजन गर्न सकिन्छ। स्वर र व्यञ्जन ध्वनि खण्डीय ध्वनि हुन्।मगर भाषाको यी ध्वनिहरूलाई निम्नप्रकारले वर्णन गरिन्छ।

#### ३.१.१.१. मगर भाषाको स्वर

श्वासप्रवाह बाधाबिना उच्चारित हुने ध्वनि स्वर हुन्। मगर भाषामा पनि एक स्वर र दुई स्वर छन्।

(क) एक स्वर -

स्वर वा एकस्वरको वर्णन वर्गीकरण जिब्रोको स्थिति तथा ओठको स्थितिका आधारमा गरिन्छ।

१. जिब्रोको स्थिति

जिब्रोको स्थिति स्वरहरूको वर्णन र वर्गीकरणमा महत्वपूर्ण आधार हुन्छ। जिब्रोको स्थिति अर्न्तगत जिब्रोको उचाइ र जिब्रोको पश्चता देखिन्छ।

स्वरको उच्चारणमा जिब्रोको विभिन्न उचाइ हुन्छ। जिब्रो निकै माथि उठेर तालुसँग नजिक पनि हुन सक्छ र निकै तल झरेर तालुभन्दा निकै टाढा रहन पनि सक्छ। यस्तो हुँदा मुखविवर साँघुरो, धेरै खुलेको वा यी दुई अवस्थाका बीचको कुनै अवस्थामा रहन सक्छ।यसै आधारमा स्वरलाई चार तलका उचाइमा बर्गीकरण गरिन्छ।

(अ) संवृत्त

जिब्रो तालुको नजिकै पुगेर मुखविवर साँघुरो भएको अवस्था नै संवृत्त अवस्था हो। यस अवस्थामा उच्चारित हुने स्वरलाई बन्द वा संवृत्त स्वर पनि भनिन्छ। मगर भाषामा [i]र [u]संवृत्त स्वर हुन्।

(आ) अर्ध-संवृत्त

जिब्रो संवृत्त अवस्थामा भन्दा तल रहेको अवस्थालाई अर्ध-सवृन्त वा आधा बन्द अवस्था भनिन्छ। यसलाई आधा वन्द अवस्था वा संवृत्त-मध्य (close-mid) अवस्था पनि भनिन्छ। यस अवस्थामा उच्चारित हुने मगर स्वर [e] र [a] हो।

(इ) अर्ध-विवृत्त

जिब्रो अर्ध-संवृत्त र विवृत्त अवस्थाको ठीक बीचमा रहेको अवस्था अर्ध विवृत्त अवस्था हो। यसलाई आधा खुल्ला वा विवृत्त-मध्य (half mid) अवस्था पनि भनिन्छ। मगर भाषाको [ɔ] स्वर अर्ध-विवृत्त अवस्था उच्चारित हुने स्वर हो।

(ई) विवृत्त

जिब्रो सबैभन्दा तल्लो उचाइमा रही तालुसँग टाढा रहेको अवस्था विवृत्त अवस्था हो। यस अवस्थामा उच्चरित हुने स्वर [a] हो।

यस बाहेक उक्त चार अवस्थाबाहेक अर्ध-संवृत्त र अर्ध-विवृत्तको ठीक बीचबाट उच्चारित हुने स्वर मगरको [ə ] स्वर हो।

२ .जिब्रोको पश्चता

जिब्रो स्वरहरूको उच्चारणमा कहिले अघि सर्ने, कहिले ततस्थ रहने र कहिले पछि सर्ने गर्दछ। जिब्रोका यी विभिन्न अवस्थामा उच्चारित हुने स्वरलाई तीन वर्गमा विभाजन गरिएको छ।

(अ) अग्र स्वर

जिब्रोको अघिल्लो भाग सक्रिय भएर उच्चारित हुने स्वर अग्र स्वर हुन्। मगर भाषाका [i],[e], [a] स्वर अग्र स्वर हो।

(आ) केन्द्रीय स्वर

जिब्रो स्थिर रहेर उच्चारित हुने स्वर केन्द्रीय स्वर हुन्। मगर भाषामा [e] स्वर केन्द्रीय स्वर हो।

(इ) पश्च स्वर

जिब्रो पछिल्तिर सोहोरिई जिवहापश्च सक्रिया भएर उच्चारित हुने स्वर पश्च स्वर हो। मगर भाषामा [u],[o] स्वर पश्च स्वर हुन्।

३. ओठको स्थिति

स्वरहरूको उच्चारणमा ओठहरूको विभिन्न आकार हुन्छन्। ओठको आकार गोलो पनि हुन सक्छन् तटस्थ बस्न पनि सक्छन्। यसै आधारमा स्वरहरू गोलित र अगोलित गरी दुई प्रकारका हुन्छन्।

(अ) गोलित

ओठहरू जोडिई गोलो आकार बनाएर अलिकति अगाडि सर्दा उच्चारित हुने स्वरहरू गोलित स्वर हुन्। मगर भाषामा [u] र [o] गोलित स्वर हुन्।

(आ) अगोलित

ओठहरू तटस्थ रहँदा वा अझ फैलिदा उच्चारित हुने स्वरहरू अगोलित स्वरहरू हुन्। मगर भाषामा [a],[e],[i],[ə] अगोलित स्वर हुन्।

(ख) द्विस्वर

एउटा स्वरको उच्चारण गर्ने अवस्थामा रहेको जिब्रो चालमा आई अर्को स्वरको उच्चारण गर्ने अवस्थामा पुगेर उच्चारित हुने स्वर द्विस्वर हो। मगर भाषाका द्विस्वरलाई [i]स्वरलाई् अवस्था अन्त हुनेलाई अग्र र [u] स्वर अन्त हुने अवस्थालाई पश्च गरी दुइ विभाजन गर्न सकिन्छ।

### ३.१.१.२. **मगर स्वर**

मगर भाषामा ६ वटा एक स्वरहरू छन् र ३ वटा द्विस्वर छन्।

(क). एक स्वर

(१) [i], [e], [u], [o], [a], [ə]

उक्त मगर एक स्वरहरूलाई जिब्रोको स्तिथि उचाइ र जिब्रोको पश्चता, जिब्रोको तनाव र ओठको स्तिथिको आधारमा वर्णन गर्न सकिन्छ।

| क्रम सङ्ख्या | वर्ण वा ध्वनि | ध्वनि वा वर्णको वर्णन तथा आभिलक्षणा | उदाहरण |
|---|---|---|---|
| १ | [i] | १. जिब्रोको स्थिति<br>१.१. जिब्रोको स्थिति (उचाइ) - बन्द<br>१.२. जिब्रोको स्थिति (पश्चता) - अग्र<br>१.३. जिब्रोको तनाव - तनाव<br>१.४ ओठको स्थिति (गोलाई) - अगोलित | [im]-"घर" |
| २ | [e] | १. जिब्रोको स्थिति<br>१.१. जिब्रोको स्थिति (उचाइ) - अर्ध-बन्द<br>१.२. जिब्रोको स्थिति (पश्चता) - अग्र<br>१.३. ओठको स्थिति (गोलाई) -अगोलित | [sen]-"कहिले" |
| ३ | [a] | १. जिब्रोको स्थिति<br>१.१. जिब्रोको स्थिति (उचाइ) - खुल्ला<br>१.२. जिब्रोको स्थिति (पश्चता) - मध्य<br>१.३. ओठको स्थिति (गोलाई) - अगोलित | [arnam]-"तरूनी" |
| ४ | [o] | १. जिब्रोको स्थिति<br>१.१. जिब्रोको स्थिति (उचाइ) - अर्ध-बन्द<br>१.२. जिब्रोको स्थिति (पश्चता) - पश्च<br>१.३. ओठको स्थिति (गोलाई) — गोलित | [ortsʰe]-"हर्दी" |

| | | | |
|---|---|---|---|
| ५ | [u] | १. जिब्रोको स्थिति<br>१.१. जिब्रोको स्थिति (उचाइ) - बन्द<br>१.२. जिब्रोको स्थिति (पश्चता) - पश्च<br>१.३. ओठको स्थिति (गोलाई) - गोलित | [uki]"-बस्नु" |
| ६ | [ə] | १. जिब्रोको स्थिति<br>१.१. जिब्रोको उचाइ— अर्ध-खुल्ला<br>१.२. जिब्रोको पश्चता - पश्च<br>१.३. ओठको गोलाई - अगोलित | [ərəni]-"खाजा" |

मगर उक्त स्वरहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ —

| | अग्र | मध्य | पश्च |
|---|---|---|---|
| बन्द | i | | u |
| अर्ध-बन्द | e | | o |
| आधा खुल्ला | | ə | |
| खुल्ला | | a | |

**तालिका १ः मगर एक स्वर**

(ख) द्विस्वर -

मगर भाषामा द्विस्वरको स्थिति निम्न प्रकारका छन् -

(अ) अग्र द्विस्वर

(२) [əi] - उदाहरण - [hosəi] "त्यो", [isəi] "यो "आदि।

(आ) पश्च द्विस्वर

(३). [oi] -उदाहरण - [moi] "आमा", [boi] "बाबा" आदि।

[au] -उदाहरण - [aukʰanik]" निकोरर्सी "।

### ३.१.१.३. व्यञ्जन

श्वासप्रवाहमा बाधासित उच्चारित हुने ध्वनि व्यञ्जन हो। व्यञ्जन ध्वनिको वर्गीकरण ध्वनिको उच्चारण स्थान, उच्चारण अवयवहरूबीचको सम्बन्ध उच्चारणमा लाग्ने श्वासको मात्र र स्वरयन्त्रमुखको स्थितिका आधारमा गरिन्छ। (रेग्मी २०१२ :८६) व्यञ्जन ध्वनिलाई वर्णन र वर्गीकरण गर्दा निम्नलिखित आधारहरूमा देखाएको छ।

(क) उच्चारण स्थान

(ख) उच्चारण प्रयत्न

(ग) घोषत्व

(क) उच्चारण स्थान

कुनै पनि व्यञ्जन ध्वनिको उच्चारणका लागि दुई उच्चारण अवयव जोडिन्छन् या अत्यन्तै नजिक हुन्छन् र हावामा घर्षण पैदा हुन्छ। स्थानका आधारमा मगर भाषामा आएका व्यञ्जन ध्वनिको स्थान यस प्रकार छन् ।

(अ) द्वयोष्ठय

दुई ओठहरू मिली उच्चारित हुने ध्वनि द्वयोष्ठय ध्वनि हुन्। मगर भाषामा [p], [pʰ] ,[b],. [bʰ] र [m] ध्वनिहरू द्वयोष्ठय ध्वनि हुन्। यी ध्वनिहरूबाट उच्चारित शब्दहरू हुन्।

४. [pəʈʈə] - "सबै"

[pʰitse] - "हरियो"

[bela] - "बटुका"

[bʰentak] - "गोलभेरा"

[mekʰok] - "बोका"

(इ) वत्स्र्य

अघिल्लो भागबाट उच्चारित हुने ध्वनि वत्स्र्थ ध्वनिहरू हुन्। मगर भाषामा [dz], [h], [s], [n], [r] र [l] व्यञ्जन ध्वनि वत्स्र्य ध्वनि हुन्।

५. [dzjaki] - "खानु"

[huki] - "भुक्नु"

[siki] - "मर्नु"

[namas] - "वर्षा"

[rʰasja] - "खसी मासु"

[lam] - "बाटो"

(ई) मूर्धन्य

जिहवाग्र पछिल्तिर दोब्रिई तालु सँग मिलेर अच्चारित हुने ध्वनि मूर्धन्य ध्वनि हुन्। मगर भाषामा [ʈ], [ʈʰ], [ɖ], [ɖʰ] आदि मूर्धन्य ध्वनि हुन्।

६. [ʈoŋkʰi] - "उभिनु"

[ʈʰor] - "गोरू"

[ɖebu] - "बादल"

[ɖʰaʈɖiki] - "झूट"

(ई) तालव्य

जिहग्रमध्य र तालु मिली उच्चारित हुने ध्वनि तालब्य ध्वनि हुन्। मगर भाषामा [j] ध्वनिहरू तालब्य ध्वनि हुन्।

७. [jakʰi] - "दिनु"

(उ) हनुमूलीय

जिहवापश्च र हनुमूल मिली उच्चारित हुने ध्वनि हनुमूलीय ध्वनि हो। मगगर भाषामा [k], [kʰ], [g], [gʰ] र [ŋ] ध्वनिहरू हनुमबलीय ध्वनि हुन्।

८. [kaʈ] - "एक"

[kʰatse] - "तिते"

[gjahot] - "चन्द्रमा"

[ŋa] - "म"

(ऊ) स्वरयन्त्रमुखी

स्वरतन्त्रीहरूका सहायताले वा दुई स्वरतन्त्री मिली उच्चारित हुने ध्वनि स्वरयन्त्रमुखी ध्वनि हो। मगर भाषामा [ɦ] ध्वनि स्वरयन्त्रमुखी ध्वनि हो।

९.  [ɦan] - "जाँड"

(ख) उच्चारण प्रयत्न

उच्चारण प्रयत्न भनेको ध्वनिको उच्चारणमा दुई उच्चारण अवयवबीच कस्तो सम्बन्ध देखिन्छ भन्ने हो। अर्थात प्रयत्न भनेको ध्वनिको उच्चारणमा प्रयुक्त उच्चारण अवयवहरू कसरी मिल्छ भन्ने कुरा उच्चारण विधि हो।

कुनै ध्वनिको उच्चारणमा उच्चारण अवयवहरू पहिले टप्प जोडिन्छन् त्यस पछि च्वाट्ट छुटिन्छन् , कुनै ध्वनिको उच्चारणमा नाकतिरबाट श्वास बाहिरिन्छन् , कुनै उच्चारणमा स्थान र करण पहिले जोडिएर बिस्तारै श्वास बाहिरिन्छ , घर्षण हुन्छ , कुनै ध्वनि उच्चारणमा स्थान र करण जोडिदै छुट्टिने हुँदा त्यहाँ कम्पन उत्पन्न हुन्छ , कुनै ध्वनिको उच्चारणमा स्थानलाई करणले प्याट्ट हिर्काउछ।

कुनै ध्वनि उच्चारण स्थान र करण जोडिने र जिब्रोको दायाँबायाँ दिशाबाट श्वास विना घर्षण बाहिरिन्छ भने कुनै घर्षणसहित बाहिरिन्छ। कुनै ध्वनि उच्चारणमा स्थान र करण नजिक भएर पनि घर्षण उत्पन्न हुदैन। यसै आधारमा उच्चारण प्रयत्नलाई विभाजित गरिएको पाइन्छ। मगर भाषा पनि प्रयत्नका आधारमा ध्वनिहरू स्पर्शी, नासिक्य, संघर्षी, स्पर्शसंघर्षी, प्रकम्पित, अन्तःस्थ, पाश्विकअन्तःस्थ रहेको छ।

(अ) स्पर्शी

स्थान र करण टप्प जोडिएर झट्ट छोडिन्दा श्वास आकस्मिक विस्फोटसाथ बाहिरिन्दा वा भित्रिँदा उच्चारित हुने ध्वनि स्पर्शी हुन्। मगर भाषाका [k], [$k^h$], [g], [$g^h$], [p], [$p^h$], [b], [$b^h$] ध्वनि स्पर्शी ध्वनि हुन्।

१०. [kaʈ] - "एउटा"

[$k^h$antse] - "तातो"

[gwadza] - "चरा"

[pakamagil] - "गनेउला"

[$p^h$oka] - "अन्य"

[baɽap] - "खरानी"

[$b^h$eɾmi] - "व्यक्ति"

(आ) नासिक्य

स्थान र करण पहिले टप्प जोडिने र पछि च्वाट्ट छुट्टिदा श्वास अचनाक विस्फोटका साथ श्वास मुखविवरबाट बाहिरिने प्रक्रियासगै हनुमूल तटस्थ बसी नाकबाट समेत श्वास बाहिरिई उच्चारित हुने ध्वनि नासिक्य ध्वनि हुन्। मगर भाषामा यस्ता ध्वनिहरू [m], [n], र [ŋ] हुन्।

११. [mihuʈ] - "हात"

[naŋk$^h$an] - "घाम"

[ŋa] - "म"

(इ) संघर्षी

स्थान र करण नजिक पुग्ने तर नजोडिई श्वास साँघुरो बाटाबाट घर्षण हुँदै बाहिरिँदा उच्चारित हुने ध्वनि संघर्षी ध्वनि हुन्। मगर भाषाका [s], र [ h] ध्वनि संघर्षी ध्वनि हुन्।

१०. [setse] - "राम्रो"

[huki] - "भुक्नु"

[sja] - "मासु"

(ई) स्पर्श संघर्षी

स्थान र करण टप्प जोडिने र पछि झट्ट नछुटी श्वास साँघुरो बाटोबाट घर्षण हुँदै बाहिरिँदा उच्चारित हुने ध्वनिहरू स्पर्शी ध्वनि हुन्। यस्ता ध्वनिहरूको सुरु स्पर्शी जस्तै र अन्त्य सघर्ष जस्तो हुन्छ। मगर भाषामा यस्ता ध्वनिहरू [dz], [dz$^h$], [ts] र [ts$^h$]हुन्।

१२. [dzjaʈ] - "खाना"

[dz$^h$jãsi] - "ऐंसेलु"

[ts$^h$amtse] - "रक्सी"

(उ) प्रकम्पित

स्थान र करण घरि घरि जोडिन्दै छुट्टिन्दै गर्दा त्यस स्थानमा कम्पन उत्पन्न हुदै श्वास बाहिरिँदा उच्चारित हुने ध्वनिहरू प्रकम्पित ध्वनि हुन्। [r] ध्वनि मगर भाषाको प्रकम्पित ध्वनि हो।

१३. [rikki] - "लेख्नु"

(ऊ) अन्तःस्थ

स्थान र करण नजिक रहेर पनि श्वास घर्षण नभई बाहिरिन्दा उच्चरित हुने ध्वनिहरू अन्तःस्थ वा मध्य अन्तःस्थ ध्वनि हुन्। मगर भाषामा [j] ध्वनि अन्तःस्थ ध्वनि हो।

१४. [jak$^h$i] - "दिनु"

(ऋ) पाश्विक अन्तःस्थ

स्थान र करण मुर्धन्य रेखामा टप्प जोडिने त्यसको दायावायाको भागमा अत्यन्त नजिक रही तिनै छेउबाट श्वास घर्षण नभई बाहिरिँदा उच्चरित हुने ध्वनि पाश्विक अन्तःस्थ ध्वनि हो। [l] ध्वनि मगर भाषाको पाश्विक अन्तःस्थ ध्वनि हो।

१५. [lendza] - "पुरुष"

(ग). घोषत्व

घोषत्व स्वरयन्त्रमा हुने कम्पन हो। घोषत्वको आधारमा घोष र अघोष गरी दुई भेद गरिएको छ।

(अ) घोष

स्वरयन्त्रमा कम्पन पैदा भई उच्चरित हुने ध्वनि घोष ध्वनि हुन्। मगर भाषाका [b], [g], [m], [ŋ], [j], [l], [r], [dz$^h$] [ɖ], [h], [dz], [n] ध्वनिहरू घोष ध्वनि हुन्।

(आ) अघोष

स्वरयन्त्रमा कम्पन पैदा नभई उच्चारित हुने ध्वनि अघोष ध्वनि हुन्। मगर भाषाका [p$^h$], [b$^h$], [s], [k], [ts], [ts$^h$], [ʈ], [p] ध्वनिहरू अघोष ध्वनि हुन्

मगर व्यञ्जन ध्वनिहरूको वर्णन -

(1). [p], [p$^h$], [b] [b$^h$], [ʈ], [ʈ$^h$], [ɖ[, [ɖ$^h$], [k], [k$^h$], [g], [g$^h$], [m], [m$^h$], [n], [n$^h$], [ŋ], [ŋ$^h$], [ɦ], [s], [s$^h$], [r], [r$^h$], [ts], [ts$^h$], [dz], [dz$^h$], [j], [j$^h$], [l], [l$^h$], [w], [w$^h$], आदि।

उक्त मगर व्यञ्जन ध्वनि र वर्णहरूलाई श्वासप्रवाह प्रणाली, श्वासप्रवाहको दिशा, उच्चारण प्रयत्न घोषत्त्व र प्राणत्त्वका आधारमा तालिका बद्ध वर्णन गर्न सकिन्छ

| क्रम सङ्ख्या | ध्वनि | ध्वनिको अभिलक्षण | उदाहरण |
|---|---|---|---|
| ०१ | [p] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - द्वयोष्ठय<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व - अल्पप्राण | [pəʈʈə] - "सबै" |
| ०२ | [pʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - द्वयोष्ठय<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व- महाप्राण | [pʰoksiŋ]-"सखुवाको रूख" |
| ०३ | [b] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - द्वयोष्ठय<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व - महाप्राण | [bebok] - "आँटा" |
| ०४ | [bʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - द्वयोष्ठय<br>उच्चारण प्रयत्न - स्पर्शी | [bʰawdza] - "बेहुली" |

| | | | |
|---|---|---|---|
| | | घोषत्व - अघोष<br>प्राणत्व - महाप्राण | |
| ०५ | [m] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - द्वयोष्ठय<br>उच्चारण प्रयत्न - नासिक्य<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [motsa] - "केरा |
| ०६ | [mʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - द्वयोष्ठय<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व - अल्पप्राण | [mʰe] - "आगो" |
| ०७ | [n] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - दन्त्य<br>उच्चारण प्रयत्न - नासिक्य<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [name] - "तरूल" |
| ०८ | [ŋ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - हनुमूलीय<br>उच्चारण प्रयत्न - नासिक्य<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [ŋjo] - "काक्रा" |
| ०९ | [t̪] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक | [t̪u]-"६" |

| | | | |
|---|---|---|---|
| | | उच्चारण स्थान - मुर्धन्य<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व - अल्पप्राण | |
| १० | [ʈʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - मुर्धन्य<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व - महाप्राण | [ʈʰor]-"गोरु" |
| ११ | [ɖ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - मुर्धन्य<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [ɖu]-" किरा" |
| १२ | [ɖʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - मुर्धन्य<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - घोष<br>प्राणत्व - महाप्राण | [ɖʰãʈɖiki]-"झूट" |
| १३ | [k] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - हनुमूलीय<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व - अल्पप्राण | [ke] - "आठ" |

| | | | |
|---|---|---|---|
| १६ | [kʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - हनुमूलीय<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व - महाप्राण | [kʰosik] - “कोइला” |
| १७ | [g] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - हनुमूलीय<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [gjamə] - “बैगुने” |
| १८ | [gʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - हनुमूलीय<br>उच्चारण प्रयत्न - स्पर्शी<br>घोषत्व - अघोष<br>प्राणत्व - महाप्राण | [gʰzaŋsiŋ] - “चिलाउनेको रूख” |
| १९ | [ts] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - वर्त्स्य<br>उच्चारण प्रयत्न - स्पर्श संघर्षी<br>घोषत्व - अघोष<br>प्राणत्व - अल्पप्राण | [tsiju] - “कुकुर |
| २० | [tsʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - वर्त्स्य<br>उच्चारण प्रयत्न - स्पर्शी संघर्षी | [tsʰebok] - “अदुवा” |

| | | | |
|---|---|---|---|
| | | घोषत्व - अघोष<br>प्राणत्व - महाप्राण | |
| २१ | [dz] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - वत्स्र्य<br>उच्चारण प्रयत्न - स्पर्श संघर्षी<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [dzjuma] - "चिनी" |
| २२ | [dzʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - वत्स्र्य<br>उच्चारण प्रयत्न - स्पर्श संघर्षी<br>घोषत्व - घोष<br>प्राणत्व - महाप्राण | [dzʰiru] - "पकाउनु" |
| २३ | [s] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - वत्स्र्य<br>उच्चारण प्रयत्न - संघर्षी<br>घोषत्व - अघोष<br>प्राणत्व - अल्पप्राण | [sar] - "फूल" |
| २४ | [j] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - तालव्य<br>उच्चारण प्रयत्न - अन्तःस्थ<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [jak] - "दिन" |
| २५ | [jʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक | [jʰak] - "पिँडालु" |

| | | | |
|---|---|---|---|
| | | उच्चारण स्थान - तालव्य<br>उच्चारण प्रयत्न - अन्त :स्थ<br>घोषत्व - घोष<br>प्राणत्व - महाप्राण | |
| २६ | [l] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - मुर्धन्य<br>उच्चारण प्रयत्न - पाश्विक अन्तःस्थ<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [lendza] - "मरद" |
| २७ | [lʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - मुर्धन्य<br>उच्चारण प्रयत्न - पाश्विक अन्तःस्थ<br>घोषत्व - अघोष<br>प्राणत्व - महाप्राण | [lʰa] - "पात" |
| २८ | [w] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - द्वयोष्ठय-हनुमूलीय<br>उच्चारण प्रयत्न - अन्तःस्थ<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | [wak] - "सुङ्गुर" |
| २९ | [r] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - वर्त्स्य | [roʈo] - "रोटी" |

| | | | |
|---|---|---|---|
| | | उच्चारण प्रयत्न - प्रकम्पित<br>घोषत्व - घोष<br>प्राणत्व - अल्पप्राण | |
| ३० | [rʰ] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - वर्त्स्य<br>उच्चारण प्रयत्न - प्रकम्पित<br>घोषत्व - घोष<br>प्राणत्व - महाप्राण | [rʰa] - "बाख्रा" |
| ३१ | [h] | श्वासप्रवाह प्रणाली - फोक्से<br>श्वासप्रवाह दिशा - बहिर्गमनात्मक<br>उच्चारण स्थान - स्वरयन्त्रमुखी<br>उच्चारण प्रयत्न - संघर्षी<br>घोषत्त्व - घोष<br>प्राणात्त्व -महाप्राण | [huptse] - "ढकनी" |

**तालिका ४: मगर व्यञ्जन ध्वनिको वर्णन**

मगर फोक्से ध्वनिहरूलाई अन्तर्राष्ट्रिय ध्वनितात्त्विक वर्णमाला (अ.ध्व.व) तालिकामा प्रस्तुत गर्न सकिन्छ। उक्त व्यञ्जन ध्वनिहरू निम्न रूपमा प्रस्तुत छन् :

| स्थान | | द्वियोष्ठय | दन्त्य | वर्त्स्य | मूर्धन्य | तालव्य | हनुमूलीय | स्वरयन्त्रमुखी |
|---|---|---|---|---|---|---|---|---|
| प्रयत्न | घोषत्व प्राणत्व | अ घ | अ घ | अ घ | अ घ | अ घ | अ घ | अ घ |
| स्पर्शी | अल्पप्राण | P b | | | ʈ ɖ | | k g | |
| | महाप्राण | $p^h$ $b^h$ | | | $ʈ^h$ $ɖ^h$ | | $k^h$ $g^h$ | |
| नासिक्य | अल्पप्राण | m | n | | | | ŋ | |
| | महाप्राण | $m^h$ | | | | | | |
| संघर्षी | अल्पप्राण | | | s | | | | h ɦ |
| | महाप्राण | | | | | | | |
| ताडित | अल्पप्राण | | | | ɽ | | | |
| | महाप्राण | | | | | | | |
| प्रकाम्पित | अल्पप्राण | | | r | | | | |
| | महाप्राण | | | $r^h$ | | | | |
| स्पर्श संघर्षी | अल्पप्राण | | | ts dz | | | | |
| | महाप्राण | | | $ts^h$ $dz^h$ | | | | |
| पार्श्विक अन्तस्थ | अल्पप्राण | | | | l | | | |
| | ममहाप्राण | | | | $l^h$ | | | |
| अन्तस्थ | अल्पप्राण | | | | | | j | |
| | महाप्राण | | | | | | $j^h$ | |

**तालिका ५: मगर व्यञ्जन ध्वनिहरूको अ.ध्व.व तालिकामा**

नोट : १. [w]-  यो व्यञ्जन ध्वनि द्वयोष्ठय- हनुमूलीय घोष अल्पप्राण अन्तःस्थ भएकोले तालिकामा देखाउन मिल्दैन।

### ३.२. मगर खण्डेतर ध्वनि

एक्लै उच्चारित हुन नसक्ने र खण्डीय ध्वनिका साथमा मात्र आउन सक्ने ध्वनि खण्डेतर ध्वनि हुन्। यस अन्तर्गत मात्रा, अनुनासिकता, महाप्राणत्व, श्वसन, सुर र अनुतान आदि पर्दछन्। यी मध्ये मगर भाषामा मात्रा अनुनासिकता महाप्राणत्व ध्वनि मात्र छन्।

(क) प्राणत्व

कुनै ध्वनिको उच्चारणका लागि श्वास वा प्राण धेरै चाहिन्छ कि थोरै भन्ने आधारमा ध्वनिहरूको वर्णन वा वर्गीकरण गर्ने आधार  प्राणत्व हो। प्राणत्वका आधारमा ध्वनिहरूलाई अल्पप्राण र महाप्राण गरी दुई भेद गरेको पाइन्छ।

(अ) अल्पप्राण

कम श्वास प्रयोग भई उच्चरित हुने ध्वनि अल्पप्राण ध्वनि हुन्। [p], [b], [k], [g], [s], [m], [n], [ŋ], [j], [l], [ts], [dz] ध्वनिहरू मगर भाषाका अल्पप्राण ध्वनि हुन्।जस्तै-

| | | | | |
|---|---|---|---|---|
| १६. | [p] | - | [puge] | "खैरो" |
| | [b] | - | [bela] | "बटुका" |
| | [k] | - | [kumbo] | "कुम" |
| | [g] | - | [guma] | "माईज्यू" |
| | [h] | - | [haro] | "हड्डी" |
| | [s] | - | [som] | "तीन" |
| | [m] | - | [mar] | "कमिला" |
| | [n] | - | [nimba] | "फूपाज्यू" |
| | [ŋ] | - | [ŋa] | "म" |

(आ) महाप्राण

उच्चारण गर्दा धेरै श्वास लाग्ने ध्वनि महाप्राण ध्वनि हुन्। $[p^h]$, $[b^h]$, $[k^h]$, $[ts^h]$, $[dz^h]$, $[g^h]$,$[m^h]$, $[l^h]$, $[r^h]$ ध्वनिहरू मगर भाषाका महाप्राण ध्वनि हुन्।जस्तै-

| | | | | |
|---|---|---|---|---|
| १७. | $[p^h]$ | - | $[p^h imə]$ | "बैगुने" |
| | $[b^h]$ | - | $[b^h oi]$ | "भाइ" |
| | $[g^h]$ | - | $[g^h os]$ | "मौरी" |

| | | | |
|---|---|---|---|
| [$ts^h$] | - | [$ts^h$umtse] | "भालु" |
| [$ḍ^h$] | - | [$ḍ^h$ãṭḍiki] | "झूट" |
| [$m^h$] | - | [$m^h$e] | "आगो" |
| [$l^h$] | - | [$l^h$a] | "पात" |
| [$r^h$] | - | [$r^h$a] | "बाख्रा" |
| [$dz^h$] | - | [$dz^h$ah] | "माटो" |
| [$ṭ^h$] | - | [$ṭ^h$uba] | "भेडा" |

(ख) मात्रा

मात्राता ध्वनिको उच्चारणमा लाग्ने समय हो। कुनै ध्वनिको उच्चारणमा कति समय लाग्छ भन्ने आधारमा उक्त ध्वनि ह्रस्व वा दीर्घ के हो छुटयाइन्छ। ह्रस्व ध्वनिको उच्चारणमा थोरै समय लाग्छ भने दीर्घ ध्वनिको उच्चारणमा बढी समय लाग्छ। मात्राको चिह्नका लागि (:) प्रयोग गरिन्छ। मगर भाषामा संयुक्त व्यञ्जन पाइँदैन। मगर भाषामा निम्न प्रकारको  रहेको छ -

मगर एकस्वर मात्राता

| | | | |
|---|---|---|---|
| १८. | [e] | [ke:] - | "आठ" |
| | [o] | [mo:lo]- | "चील" |

| | | | |
|---|---|---|---|
| [i] | [bi:u] | - | "मुसा" |
| [a] | [t̪aː] | - | "बासको टुसा" |
| [ə] | [iːsəi] | - | "यो" |
| [u] | [d̪uː] | - | "किरा" |

(ग) अनुनासिकता -

कुनै ध्वनिको उच्चारण हुँदा नासिकाविवर खुल्ला हुने अवस्था अनुनासिकता हो।नासिकाविवर खुला हुँदा उच्चारित हुने स्वर अनुनासिक वा नासिक्य र नासिकाविवर बन्द हुँदा उच्चारित हुने स्वर अननुनासिक वा मौखिक हुन्छ। मगर भाषामा [ã] अनुनासिक स्वर पाइन्छ। उदाहरणार्थ [dzjãsi] "ऐंसेलु", [tsãha]- "अहिले" ध्वनिहरू नासिक्य ध्वनि हुन्।

(घ) अनुतान

वाक्यका तहमा देखा पर्ने सुर संगति अनुतान हो। यो खण्डेतर तानकै ध्वनि भन्दा ठुलो एकाइ हो। मगर भाषामा सामान्यार्थक र प्रश्नार्थक वाक्यबिच भिन्नता अनुतानको भिन्नताले गर्दा पाइन्छ। उदाहरणका लागि निम्न वाक्यलाई हेर्न सकिन्छ।

| | | | |
|---|---|---|---|
| १९. | sjam | bədzar | nuwa |
| | sjam | bazar | go- PST |

"Shyam went to the market."

sjam bədzar nuwa

sjam bazar go- PST

"Shyam went to the market?"

यसमा सामान्यार्थक वाक्यमा अवरोही अनुतान (falling intonation) र प्रश्नार्थक आरोही अनुतान (rising intonation) पाइन्छ। यसले वाक्यको भेद छुट्याउने कार्य गर्दछ।

### ३.३. मगर भाषाको वर्ण

भाषाका सबै भन्दा साना भौतिक एकाइ ध्वनि हुन् भने भाषिक व्यवस्थाको लघुतम व्यतिरेकी एकाई वर्ण हो। भाषाका लघुतम व्यतिरेकी एकाइ वर्ण र भाषाका जुनसुकै लघुतम एकाई ध्वनिको बीचमा रहेर संवर्णलाई चिनाउन सकिन्छ। वर्ण विश्लेषका लागि स्थान परिवेशको आधारमा ध्वनिको अध्ययन गर्न आवश्यक छ।वर्णको लागि परिवेश वितरण, व्यतिरेकी , परिपूरक, मुक्त आदिलाई जान्न आवश्यक हुन्छ। यसका केही उदाहरण यस प्रकारका छन्।

२०. [mit̪alu] - "टाउको"

[mid̪um] - "मुन्टा"

उदाहरण (१) मा [m]  को वितरण हेराउ [m] पदादिमा  छ भने त्यस ध्वनिको अगि पद सिमाना छ र पछि [i] ध्वनि छ :

[m] # - i

उदाहरण (२) मा पछिल्तिरको वितरणलाई निम्नलिखित रुपमा प्रस्तुत गर्न सकिन्छ।

[m] u - #

एकै परिवेश र स्थानमा ध्वनिको अन्तरले अर्थमा भिन्नता ल्याउन सक्ने शब्द जोडीलाई लगुतम युग्म भनिन्छ। उदाहरण-

२१. [boi] - "बाबा"

[$b^h$oi] - "भाइ"

उक्त उदाहरणमा [b] र [$b^h$] को निम्नलिखित  स्थान र परिवेश छ।

[b] # - i

[$b^h$]  # - i

यी दुई शब्द बीच अर्थको भिन्नता देखिन्छ ।त्यसर्थ यी दुई जोडीलाई लघुतम युग्म भनिन्छ ।यी लघुतम युग्ममा [b] र [$b^h$] ध्वनिको अन्तरले अर्थमा अन्तर देखिन्छ ।यस्ता वितरणमा रहेको

ध्वनिलाई व्यतिरेकी वितरण भनिन्छ। सारांशमा यी दुवै [b] र [bʰ] मगर भाषाका वर्ण हुन्।

मगर भाषाका अन्य वर्णहरू निम्नलिखित छन्।

(अ) स्वर वर्णको लघुतम युग्म

२२. /i/ र /e/

/siki/ "मर्नु"

/seki/ "सुन्नु"

२३. /e/ र /u/

/ke/ "आठ"

/ku/ "नौ"

२४. /ə/ र /a/

/saʈə/ "कुइरो"

/saʈa/ "मार्‍यो

२५. /u/ र /o/

/guha/ "निहुरियो"

/goha/ "उठायो"

२६. /e/ र /a/

[$m^h$e] - "आगो"

[$m^h$a] - "घाउ"

यी माथिका उदाहरणमा भएको /i/ , /e/, /u/, /ə/, /a/, /u/, /o/, /e/ , /a/ ध्वनिहरूलाई छुटछुट्टै वर्णका रूपमा देखाइएको छ।

(आ) मगर भाषामा व्यञ्जन वर्णको लघुतम युग्म

१. द्वयोष्ठय स्पर्शी

द्वयोष्ठय स्पर्शी /p/, /$p^h$/, /b/,/$b^h$/ मा घोषत्त्व र प्राणत्त्वको आधारमा लघुतम युग्म पाइन्छः

२७. /p/ र /$p^h$/

/pas/ "जाँडको छोकरा"

/$p^h$as/ "लुगा"

/b/ र /$b^h$/

/barla/ "घाँसको रूख"

/$b^h$arla/ "घुम छाप्ने ठुलो पाते रूख"

२. मूर्धन्य स्पर्शी /ʈ/, /ʈʰ/, /ɖ/,/ɖʰ/

२८. /ʈ/ र /ɖ/

/ʈu/ "६"

/ɖu/ "किरा"

/ʈ/ र /ʈʰ/

/ʈan/ "तान"

/ʈʰan/ "पुजा गर्ने ठाउँ"

/ɖ/ र /ɖʰ/

/ɖaki/ "राख्नु"

/ɖʰaki/ "बल्नु"

३. हनुमूलीय स्पर्षी /k/, /kʰ/,/g/, /gʰ/

२९. /k/ र /kʰ/

/kaki/ "हाल्नु"

/kʰaki/ "तितो हुनु"

/kan/ "हामी"

/g/ र /$g^h$/

/gan/ "दाल"

/$g^h$an/ "ओइरो"

४. नासिक्य

नासिक्य द्वियोष्ठय

३०. /m/ र /$m^h$/

/muŋki/ "उसिन्नु"

/$m^h$uŋki/ "थाक्नु"

५. स्पर्श संघर्षी /ts/, /$ts^h$/ , /dz/, /$dz^h$/

३१. /ts/ र /$ts^h$/

/tsum/ "भरै"

/$ts^h$um/ "अँध्यारो"

/dz/ र /$dz^h$/

/dzalki/ "न्यानो हुनु"

/$dz^h$alki/ "झर्नु"

६. प्रकम्पित /r/,/rʰ/

३२. /r/ र /rʰ/

/reʈki/ "हास्नु"

/rʰeʈki/ "धारिलो हुनु

७. तालव्य /j/, /jʰ/

३३. /jak/ "दिन"

/jʰak/ "पिँडालु"

८. पार्श्विक अन्तस्थ /l/, /lʰ/

३४. /l/ र /lʰ/

/la/ "लियो"

/lʰa/ "पात"

उक्त वर्णहरूलाई निम्न अ.ध्व.व तालिकामा निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ :

| स्थान | | द्वयोष्ठय | वत्स्र्य | मूर्धन्य | तालव्य | हनुमूलीय |
|---|---|---|---|---|---|---|
| प्रयत्न | प्राणत्व | अघोष घोष | अघोष घोष | अघोष घोष | अघोष घोष | अघोष घोष |
| स्पर्शी | अल्पप्राण<br>महाप्राण | p b<br>$p^h$ $b^h$ | | ʈ ɖ<br>$ʈ^h$ $ɖ^h$ | | k g<br>$k^h$ $g^h$ |
| नासिक्य | अल्पप्राण<br>महाप्राण | m<br>$m^h$ | | | | |
| प्रकम्पित | अल्पप्राण<br>महाप्राण | | r<br>$r^h$ | | | |
| स्पर्श संघर्षी | अल्पप्राण<br>महाप्राण | | ts d<br>$ts^h$ $dz^h$ | | | |
| पाश्विक अन्तःस्थ | अल्पप्राण<br>महाप्राण | | | l<br>$l^h$ | | |
| अन्तःस्थ | अल्पप्राण<br>महाप्राण | | | | j<br>$j^h$ | |

**तालिका ६: मगर भाषाको वर्ण वितरण**

मगर भाषाका विभिन्न वर्णको वितरण निम्नलिखित छन्-

| स्वर | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| [ə] | + | + | + |
| [a] | + | + | + |
| [i] | + | + | + |
| [e] | - | + | + |
| [u] | + | + | + |
| [o] | + | + | + |

**तालिका ७ः मगर स्वरको वितरण तालिका**

| स्वर | शब्दारम्भ | शब्दमध्य | शब्दान्त |
|---|---|---|---|
| [ə] | [əger] - "अगाडि" | [hosəi] -" ऊ" | [saʈa] - "कुइरो" |
| [a] | [aprn] - " पर्सी" | [kaʈʰ] -" एक" | [nimba] - "फूपाज्यू" |
| [i] | [iʈijak]- "आइतबार" | [nabik] -" राती" | [ɖəi] - "दिदी" |
| [e] | - | [seki] - "सुन्नु" | [ke] - "आठ" |
| [u] | [uki] - "बस्नु" | [guma]- "माइज्यू" | [tsiju] - "कुकुर" |
| [o] | [ortsʰə] -" पहेंलो" | [moi] - "आमा" | [puŋo] - "फुस्रो" |

**तालिका ८ः मगर स्वरको वितरणको उदाहरण**

| व्यञ्जन | पदादि | पदमध्य | पदान्त |
|---|---|---|---|
| [p] | + | + | + |
| [pʰ] | + | - | - |
| [b] | + | + | - |

| | | | |
|---|---|---|---|
| [$b^h$] | + | - | - |
| [m] | + | + | + |
| [$m^h$] | + | - | - |
| [n] | + | + | - |
| [ŋ] | + | + | - |
| [ʈ] | + | + | + |
| [ʈ$^h$] | + | - | - |
| [ɖ] | + | - | - |
| [ɖ$^h$] | + | + | - |
| [k] | + | + | + |
| [$K^h$] | + | + | - |
| [g] | + | + | - |
| [$g^h$] | + | - | - |
| [ts] | + | + | - |
| [$ts^h$] | + | + | - |
| [dz] | + | + | + |
| [$dz^h$] | + | + | - |
| [s] | + | + | - |
| [j] | + | + | - |
| [$j^h$] | + | - | - |
| [l] | + | + | + |
| [$l^h$] | + | - | - |
| [h] | + | + | + |
| [ɦ] | + | - | - |
| [r] | + | + | + |
| [$r^h$] | + | - | - |

| | | | |
|---|---|---|---|
| [w] | + | + | + |

**तालिका ९ : व्यञ्जन ध्वनिको वितरण**

| व्यञ्जन | शब्दान्त | शब्दमध्य | शब्दान्त |
|---|---|---|---|
| [p] | [pʌʈʈʌ] - "सबै" | [mepoŋ] - "पेट" | [papilap] - "पुतली" |
| [p$^{h}$] | [p$^{h}$oksiŋ] - "सखुवा" | | |
| [b] | [baɽap] - "खरानी" | [nimba] - "फुपाजू" | |
| [b$^{h}$] | [b$^{h}$ərmi] -" मान्छे" | | |
| [m] | [mihuʈ] - "हात" | [mimik] - "आँखा" | [mits$^{h}$am] -"कपाल" |
| [m$^{h}$] | [m$^{h}$e] - "आगो" | | |
| [n] | [neppo] - "पूर्ण" | [ornə] - "सुन्ताले रंग" | |
| [ŋ] | [ŋa] - "म" | [puŋo] - "फुस्रो" | |
| [ʈ] | [ʈaŋma] -" गुन्द्री" | [miʈalu] - "टाउको" | [mihuʈ] - "हात" |
| [ʈ$^{h}$] | [ʈ$^{h}$or] - "गोरू" | | |
| [ɖ] | [ɖu] - "किरा" | | |
| [ɖ$^{h}$] | [ɖ$^{h}$ãʈɖki] - "झूट" | [buɖ$^{h}$jak] - "बुधबार" | |
| [k] | [kaʈ] - "एउटा" | [ʈuktsu] - "साठी" | [səntsəjak] -"शनिबार" |
| [K$^{h}$] | [k$^{h}$antse] - "तातो" | [mek$^{h}$ok] - "बोक्रा" | |
| [g] | [gan] - "दाल" | [migin] - "मुटु" | |
| [g$^{h}$] | [g$^{h}$jo] - "सिस्नु" | | |
| [ts] | [tsãha] - "अहिले" | [ətsar] - "चटनी" | |

| | | | |
|---|---|---|---|
| [$ts^h$] | [tsʰebok] -"अदुवा" | [bartsʰam] - 'छेपारो" | |
| [dz] | [dzədza] - "बालक" | [midzuʈ] - 'कान्छो" | [kadz] - "काम" |
| [$dz^h$] | [dzʰah] - "माटो" | [medzʰor] - "ढोग" | |
| [s] | [seki] -" सुन्नु" | [ɖestse] - "मोटो" | |
| [j] | [jaki] - "दिनु" | [gʰjo] - "सिस्नु" | |
| [$j^h$] | [jʰak] - "पिँडालु" | | |
| [l] | [lam] - "बाटो" | [nabilam] -" बेलुकी" | [bul] - "साँप" |
| [$l^h$] | [lʰa] - "पात" | | |
| [h] | [huki] - "भुक्नु" | [mihil] - "खुट्टा" | [dzʰah] - "माटो" |
| [ɦ] | [ɦan] - "जाँड" | | |
| [r] | [riki] - "लेख्नु" | [gorak] - "बिहान" | [kar] - "काँचोफल" |
| [$r^h$] | [ɾʰa] - "बाख्रा" | | |
| [w] | [wak] -" सुङ्गुर" | [gwaru] - "अण्डा" | [bow] - "काका" |

**तालिका १० : व्यञ्जन ध्वनिको वितरणको उदाहरण**

भाषामा रहेका विभिन्न वर्णहरूको प्रयोग शब्द निर्माणमा गरिन्छ। यस उपअध्यायमा वर्णहरूको क्रम देखाइएको छ।

| | | |
|---|---|---|
| [kj] | [kjama] | "फार्यो" |
| [$k^h$] | [$k^h$jaŋə] | "पकायो" |
| [bj] | [bja] | "विवाह" |
| [$b^h$j] | [$b^h$ja] | "सकियो" |

| | | |
|---|---|---|
| [tsj] | [tsjutse] | "कालो" |
| [tsʰj] | [tsʰjobok] | "अदुवा" |
| [gj] | [gjamə] | "बैगुने" |
| [gʰj] | [gʰjo] | "सिस्नु" |
| [sj] | [sjatse] | "फल" |
| [dzj] | [dzjaʈ] | "भात" |
| [dzʰj] | [dzʰjãsi] | "ऐँसेलु" |
| [dj] | [djabu] | "बादल" |
| [dʰj] | [dʰjabari] | "बत्ति" (दियो) |
| [gw] | [gwa] | "कुखुरा" |
| [ŋj] | [ŋjo] | "काँक्रा" |
| [mj] | [mjarmin] | "नाम" |
| [mʰj] | [mʰjaka] | "बिर्स्यो" |
| [lj] | [ljastsə] | गिल्लो" |
| [hj] | [hja] | "खेत" |
| [kw] | [kwaka] | "खोप्नु" |
| [kʰw] | [kʰwaka] | "छेड्यो" |
| [gʰw] | [gʰwaʈa] | "ओरालो" |
| [hw] | [hwaki] | "हिडनु" |

**तालिका ११ःमगर भाषाका व्यञ्जनक्रमको उदाहरण**

## तालिका १२ : मगर  व्यञ्जन क्रमको वितरण

| | j | jʰ | ɦ | r | rʰ | l | lʰ | m | mʰ | n | nʰ | ŋ | ŋʰ | p | Pʰ | b | bʰ | t | tʰ | d | dʰ | ʈ | ʈʰ | ɖ | ɖʰ | k | kʰ | g | gʰ | s | h | w | wʰ | ts | tsʰ | dz | dzʰ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| j | - | - | + | - | - | - | - | - | - | - | - | - | - | - | + | + | | | | | | | | | | | | | - | | | | | | | | |
| jʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ɦ | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| r | | | | | | | | + | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| rʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| l | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| lʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| m | - | - | - | + | - | + | - | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| mʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| n | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| nʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ŋ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ŋʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| P | - | - | - | - | - | + | - | - | - | - | - | - | - | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| Pʰ | - | - | - | - | - | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| b | - | - | - | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| bʰ | - | - | - | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| t | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| tʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| d | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| dʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ʈ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ʈʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ɖ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| ɖʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | + | - | - | - | - | - |
| K | + | - | - | + | - | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | + | - | - | - | - | - |
| Kʰ | | - | - | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | + | - | - | - | - | - |
| g | | | | + | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| gʰ | + | - | - | - | - | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | | - | | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| S | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | + | - | - | - | - | - |
| Sʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| w | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| wʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ts | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| tsʰ | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| dz | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| dzʰ | + | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |

उक्त तालिकामा मगर भाषामा देखिएका [j] र [w] ध्वनि निम्नलिखित ध्वनिहरूसित मिलेर आउँछन्। जस्तै - [kj], [kʰ], [bj], [bʰj], [tsj], [tsʰj], [gj], [gʰj], [sj], [dzj], [dzʰj], [d̪j], [d̪ʰj], [ŋj], [mj], [mʰ], [lj], [hj], [gw], [kw], [kʰw], [gʰw], [hw] आदि व्यञ्जनक्रम वर्ण हुन्।

## ३.४ विभेदक अभिलक्षण

संरचनावादी भाषाविज्ञानमा खण्डीय र खण्डेतर ध्वनि वा वर्णलाई विश्लेषणको निम्ति एकाइको रूप मानिन्छ। यस अनुसार मगर [p] र [b] घोषत्वको मात्र पाइन्छ। यसरी [b] र [bʰ] को अन्तर प्राणत्वको मात्र पाइन्छ।[p], [b], [bʰ] ध्वनिमा स्थान र प्रयत्नको समानता पाइन्छ। यही समानता र भिन्नताका आधारलाई अभिलक्षण (features) भनिन्छ। विभेदक अभिलक्षणको आधारमा भाषिक ध्वनिहरू बीच समानता र भिन्नता खुलाइन्छ। अभिलक्षणको उपस्थितिलाई प्लस (+) र अनुपस्थितिलाई माइनस (-) चिन्हले देखाइन्छ। यस अध्ययनका निम्ति चम्सकी र हयाको विभेदक अभिलक्षणलाई आधार बनाइएको छ। मगर भाषाका विभेदक अभिलक्षणहरू यस प्रकारका छन्।

(क) मुख्य वर्गीय (Major class) अभिलक्षण

१. मुख्य (Sonorant) - निरन्तर घोषत्व

२. स्वरात्मक (Vocalic) - निरन्तर घोषत्वका साथै वायुमार्ग उच्च स्वरका

अवस्थाभन्दा साँघुरो नहुने।

३. व्यञ्जनात्मक (Consonantal) - वायुमार्गमा मूर्धन्य रेखामा अवरोध पैदा हुने।

(ख) विवर अभिलक्षणको (Cavity features)

४. उत्थित (coronal) - जिहवाफलक तटस्थ अवस्थाभन्दा माथि उठेर उच्चारित हुने।

५. अग्र (anterior) - वर्त्सतालब्य क्षेत्रभन्दा अघि अवरोध भई उच्चारित हुने।

६. उच्च (high) - जिब्रो तटस्थ अवस्थाभन्दा माथि हुने।

७. निम्न (low) - जिब्रो तटस्थ अवस्थाभन्दा तल हुने।

८. पश्च (back) - जिब्रो तटस्थ अवस्थभन्दा सङ्कुचित हुने ।

९. गोलित (round) - ओ़ठको परिधि साँधुरिने।

१०. वितरित (distributed) - वायुमार्गको संकुचन वायुप्रवाहका दिशामा लम्बिने।

११. आवृत (covered) - (स्वरको उच्चारण) घोक्रो भित्रो साँघुरिने र दृढ हुने तथा

स्वरयन्त्रमुखमाथि उठने।

१२. साँधुरो स्वरयन्त्रमुख - (glottal constriction)-स्वरतन्त्रीहरूबीच साँधुरो वायुमार्ग हुने।

१३. नासिक्य (nasal) - कोमल तालु तल सर्ने।

१४. पार्श्विक (lateral) - जिब्रोको मध्य भागका दुई छेउ तल तिर फकर्ने।

(ग) प्रयतन अभिलक्षण (Manner of articulation features)

१५. प्रवाही (continuant) - श्वासप्रवाह वायुमार्गमा अवरूद्ध नहुने।

१६. तात्कालित मोचक (instantaneous release) - अवरूद्ध वायुमार्ग झवाट्ट खुल्ने।

१७. हनुमूलीय श्वासप्रवाह (velar suction) - बन्द हनुमूल पछाडि सर्दा मुखभित्रतिर श्वासप्रवाह हुने।

१८. अन्तःस्फोट (implosion) - बन्द स्वरयन्त्रमुख तलतिर सर्दा मुखभित्रतिर श्वासप्रवाह हुने।

१९. हनुमूलीय चाप (velar pressur) - बन्द हनुमूल अघिलतिर सरी मुख बाहिरतिर श्वासप्रवाह हुने।

२०. बहिःस्फोट (ejection) - बन्द स्वरयन्त्रमुख माथितिर सरी मुखबाहिरतिर श्वासप्रवाह हुने।

२१. दृढ (tense) - मांसशपेशी दृढ वा कडा हुने।

(घ) स्रोत अभिलक्षण (Source features)

२२. उच्च उपस्वरयन्त्रमुखी चाप (heightened sub glottal pressure) उपस्वरयन्त्रमुखी मांसशपेशी दृढताले उच्च चाप पैदा गर्ने।

२३. घोष (voiced) - स्वरतन्त्रीमा कम्पन हुने।

२४. कर्कश (strident) - सतह श्वासप्रवाहको दर र उच्चारण विन्दुमा श्वास प्रवाहको कोणका कारण उत्पन्न हल्ला संघर्षी र स्पर्शसंघर्षी ध्वनिमा।

(ङ) छान्दिक अभिलक्षण (Prosodic features)

२५. बलाघात (stress)

२६. सूर (pitch)

२७. मात्रा (length)

| | i | e | a | ə | u | o | j | $j^h$ | ɦ | r | $r^h$ | l | $l^h$ | m | $m^h$ | n | $n^h$ | ŋ | $ŋ^h$ | p | $P^h$ | b | $b^h$ | t | $t^h$ | d | $d^h$ | ʈ | $ʈ^h$ | ɖ | $ɖ^h$ | k | $k^h$ | g | $g^h$ | s | $s^h$ | w | $w^h$ | ts | $ts^h$ | dz | $dz^h$ |
